सुरक्षित वैदेशिक रोजगारका लागि

# सामी बुलेटिन



श्रम तथा रोजगार मन्त्रालय

सुरक्षित आप्रवासन (सामी) परियोजनाबाट प्रकाशित

वर्ष-१ अंक-१ आ.ब. २०७३/०७४

## शुभकामना



नेपालमा वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित वनाउने लक्ष्यलाई सहयोग पुऱ्याउने मूल उद्देश्यले नेपाल सरकार तथा स्वीस सरकारको द्विपक्षीय सम्झौता अन्तर्गत श्रम तथा रोजगार मन्त्रालयद्वारा कार्यान्वयन भैरहेको सुरक्षित आप्रवासन (सामी) परियोजना काठमाडौं जिल्लासहित हाललाई १९ जिल्लाहरूमा कार्यान्वयन भैरहेको छ । यसका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०७० फागुन ६ गते सम्पन्न समझदारी-पत्र बमोजिम सिन्धुपाल्चोक, सिन्धुली, नुवाकोट, कास्की, महोत्तरी, सिराहा, दाङ, उदयपुर र झापा गरी ९ जिल्लाहरूमा जिल्ला विकास समितिमार्फत् जिल्ला प्रशासन कार्यालयको समेत सहयोगमा परियोजना कार्यान्वयन भैरहेको छ । यसैगरी हेल्भेटास अन्तर्गत सामी (पि.एम.यू.) का तर्फबाट सुनसरी, खोटाङ, सप्तरी, धनुषा, सर्लाही, रामेछाप, धादिङ, नवलपरासी, कैलाली गरी ९ जिल्लाहरूमा गैर सरकारी संस्थाहरू मार्फत् परियोजना कार्यान्वयन भैरहेको छ । परियोजनाले मूलतः सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचनामा आम नागरिकको पहुँचमा अभिवृद्धि, वैदेशिक रोजगारको क्रममा ठगी लगायतका समस्यामा परेका नेपाली कामदारहरूलाई निःशुल्क कानुनी सहयोग, वैदेशिक रोजगारमा जान चाहने नेपालीहरूका लागि निःशुल्क सीप तालिममा सहयोग तथा वैदेशिक रोजगारसँग सम्बद्ध सरकारी निकायहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग प्रदान गर्दै आइरहेको छ ।

स्थानीय स्तरमा सुरक्षित वैदेशिक रोजगार प्रक्रियाबारेको सही सूचनामा आम नागरिकहरूको पहुँच प्रभावकारी रूपमा स्थापित गर्न सकिएमा मात्रै वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन मद्दत मिल्दछ । मन्त्रालय अन्तर्गत संचालित सामी परियोजनाको तर्फबाट सुरक्षित वैदेशिक रोजगारबारे आम नागरिकहरूलाई सुसूचित बनाउन यस बुलेटिनले महत्वपूर्ण योगदान गर्ने विश्वास लिएको छु ।

अन्तमा, बुलेटिन प्रकाशनमा सहयोग पुऱ्याउनु हुने मन्त्रालय तथा सामी परियोजनाका सम्बद्ध सबै कर्मचारीहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दै बुलेटिनको सफलताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

लक्ष्मण प्रसाद मैनाली
सचिव

## वैदेशिक रोजगारका क्षेत्रमा देखिएका समस्याहरू न्यूनीकरणका लागि अनलाईन प्रणालीबाट श्रम स्वीकृति दिने कार्यको शुरुआत गरिएको छ



■ गोविन्द मणि भुर्तेल,
सह सचिव, श्रम तथा रोजगार मन्त्रालय

हाल वैदेशिक रोजगारको क्षेत्रमा देखा परिरहेका समस्याहरूलाई न्यूनीकरण गर्दै सुशासन कायम गर्न तथा अनलाईन प्रणालीमार्फत् सरल एवं सहजरूपमा श्रम स्वीकृति प्रदान गर्ने उद्देश्यले वैदेशिक रोजगार विभागमा अनलाईन सेवा शुभारम्भ गरिएको छ । अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस, २०१६ को अवसर पारेर श्रम तथा रोजगार मन्त्रालयले स्वीट्जरलैण्ड सरकारसँग गरेको दुई पक्षीय सम्झौता अन्तर्गत सुरक्षित आप्रवासन (सामी) परियोजनाको सहयोगमा उक्त अनलाईन सेवा कार्यान्वयनमा आएको हो ।

अनलाईन सेवा सञ्चालनमा आएपछि नेपालभर कुनै पनि स्थानबाट अनलाईनबाटै विभिन्न देशका कम्पनीहरूबाट माग भई आएका कामदारको संख्या, कामको प्रकृती, पारिश्रमिक तथा अन्य सुविधाहरू लगायत अन्य सम्पूर्ण जानकारीहरू प्राप्त गर्न सक्ने छन् भने देशभर जुनसुकै स्थानबाट पनि वैदेशिक रोजगारमा जान इच्छुक नेपाली नागरिकले इजाजतप्राप्त म्यानपावर कम्पनी छनौट गरी आवेदन दिन सक्नेछन् । यसका साथै इजाजतपत्र प्राप्त कम्पनीले पनि उपयुक्त

(बाँकी अंश पेज २ मा)



(वैदेशिक रोजगार विभागको अनलाईन सेवा शुभारम्भ कार्यक्रममा उपस्थित माननीय श्रम तथा रोजगार मन्त्री श्री सूर्यमान गुरुङ, माननीय राज्यमन्त्री श्री दिलिप खवास गच्छदार, मन्त्रालयका सचिव श्री लक्ष्मणप्रसाद मैनाली, स्वीस राजदूत डा. जिओभानी फ्रिडेनका साथमा मन्तव्य व्यक्त गर्नुहुँदै मन्त्रालयका सहसचिव श्री गोविन्दमणि भुर्तेल)

नेपाल सरकार

**श्रम तथा रोजगार मन्त्रालय**

सुरक्षित आप्रवासन (सामी) परियोजनाको प्रकाशन

# सुरक्षित वैदेशिक रोजगारका लागि

# सामी बुलेटिन

## वर्ष-१, अंक-१, २०७३/०७४

**संरक्षक :**
श्री लक्ष्मण प्रसाद मैनाली
सचिव, श्रम तथा रोजगार मन्त्रालय

**सल्लाहकार :**
श्री गोविन्द मणि भुर्तेल
सह सचिव, श्रम तथा रोजगार मन्त्रालय

**सम्पादक मण्डल :**
उप सचिव श्री भूमिश्वर पोखेल
शाखा अधिकृत श्री मोतिराम भुसाल
शाखा अधिकृत श्री कल्पना मास्के
परियोजना संयोजक श्री सूर्यप्रसाद भण्डारी
कार्यक्रम अधिकृत श्री राजन श्रेष्ठ

**बुलेटिन तयारी सहयोग :**
सहायक कार्यक्रम अधिकृत
श्री गीता सापकोटा/श्री विजया दाहाल

**वितरण व्यवस्थापन**
लेखा सहायक श्री सरोज पोखेल
प्रसासन सहायक सुश्री सोनु खनाल

**सुझाव तथा सल्लाहको लागि सम्पर्क ठेगाना**
श्रम तथा रोजगार मन्त्रालय
सुरक्षित आप्रवासन (सामी) परियोजना
परियोजना समन्वय इकाई (पि.सि.यू.)
सिंहदरवार, काठमाडौं, नेपाल
वेवसाईट : www.mole.gov.np
ईमेल : info.pcu.sami@gmail.com
फोन : ४२००४७७, फ्याक्स : ९७७-१-४२११८७७

**प्रकाशन प्रति** : ३,000

**प्रतिलिपि अधिकार** : श्रम तथा रोजगार मन्त्रालय
सामी (पि.सि.यू.), सिंहदरबार

**मुद्रण** **श्वेतकाली छापाखाना**

वैदेशिक रोजगारका क्षेत्रमा देखिएका .............................

कामदार छनौट गरी अनलाईन मार्फत् नै श्रम स्वीकृतिसम्बन्धी सम्पूर्ण प्रकृया अवलम्वन गर्न सक्नेछ । विदेश जाने कामदारले निर्दिष्ट बैक र बैंकका शाखाबाट अनलाईन बैंकिङ्गमार्फत् जहाँसुकैबाट पनि नेपाल सरकारलाई नियमानुसार बुझाउनु पर्ने रकम कामदार कल्याणकारी कोषमा दाखिला गर्न सक्नेछ । त्यसैगरी बीमा समेत अनलाईनमार्फत नै गर्न सकिने भएको छ । यसका अतिरिक्त वैदेशिक रोजगारमा जानुपूर्व अनिवार्य रूपमा लिनु पर्ने अभिमुखीकरण तालिमका लागि वैदेशिक रोजगारमा जाने कामदार स्वयम् उपस्थिति भई डिजिटल प्रविधिमा हाजिरी गर्नुपर्ने व्यवस्था मिलाईएको छ । साथै स्वास्थ्य परीक्षण सम्बन्धी कार्य पनि स्वयम् उपस्थित भई गर्नुपर्ने भएको छ । यी प्रक्रियाहरू पार गरी वैदेशिक रोजगारका लागि छनौट भएका व्यक्तिको श्रम स्वीकृत भएको जानकारी समेत वैदेशिक रोजगार विभागले ईमेल तथा मोबाईल एस.एम.एस. मार्फत् प्राप्त गर्ने व्यवस्था मिलाईएको छ । सबै सेवा अनलाईन मार्फत् दिइने भएकोले वैदेशिक रोजगारको क्षेत्रमा देखापरेका समस्याहरू न्यूनीकरण हुँदै जाने विश्वास लिईएको छ ।

हाल नेपाली कामदारहरू वैदेशिक रोजगारका लागि नेपाल सरकारले खुला गरेका विभिन्न रोजगारदाता मुलुकहरूमा गईरहेका छन् । नेपालको राष्ट्रिय अर्थतन्त्रमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणले महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । नेपाली कामदारहरू व्यक्तिगत श्रम स्वीकृति लिएर वा ईजाजतपत्रप्राप्त मेनपावर कम्पनीमार्फत् वा सरकारी माध्यम-जस्तै ईपीएस प्रणाली गरी तीनवटा माध्यमबाट मात्रै वैदेशिक रोजगारमा जान पाउने व्यवस्था छ । जुनसुकै माध्यमबाट जाने भए तापनि अनलाईन प्रणाली लागू भएपछि कामदारहरूले सिधै नेपाल सरकारको आधिकारिक निकायबाट सरल एवं सहज ढंगबाट श्रम स्वीकृति प्राप्त गर्न सकिने भएकोले पहिला जस्तो विभिन्न प्रकारका कठिनाईहरू भोग्नु पर्ने समस्याबाट मुक्त भै वैदेशिक रोजगार थप सुरक्षित एवं व्यवस्थित हुने विश्वास लिन सकिन्छ । ■



(वैदेशिक रोजगार विभागको अनलाईन सेवा शुभारम्भ कार्यक्रममा उपस्थित विभिन्न सरोकारवाला संघ/संस्थाका प्रतिनिधिहरू)

### अनुरोध

यो बुलेटिन प्रकाशन मन्त्रालय/परियोजनाको तर्फबाट पहिलो प्रयास भएकोले यसमा केही प्राविधिक त्रुटीहरू भएमा पनि आम पाठकहरूले सकारात्मक रूपमा स्वीकार गरिदिनु हुने र देखिएका त्रुटीहरू औंल्याई सहयोग गरिदिनु समेत अनुरोध गर्दछौं । यसका साथै, बुलेटिनमा प्रकाशन हुने लेख/रचनाहरू लेखकको व्यक्तिगत धारणा मात्रै हुने र यसमा मन्त्रालय तथा परियोजनाको संस्थागत धारणा नहुने व्यहोरा समेत सबैमा जानकारी गराउन चाहन्छौं ।

- सम्पादक मण्डल



# नेपाल सरकारले आजाद भिसामा कसैलाई पनि विदेश जान स्वीकृति प्रदान गरेको छैन ।

■ शिवराम पोखरेल,
उप सचिव, श्रम तथा रोजगार मन्त्रालय

**(सुरक्षित वैदेशिक रोजगारका लागि श्रम तथा रोजगार मन्त्रालयबाट भएका पछिल्ला नीतिगत एवं कानुनी व्यवस्थाहरू, आजाद भिसा, घरेलु कामदार, अफगानिस्तानमा कामदार पठाउने लगायत अन्य समसामयीक विषयमा बुलेटिन प्रतिनिधिले श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत बैदेशिक रोजगार तथा श्रम सहचारी समन्वय शाखाका प्रमुख, उप सचिव श्री शिवराम पोखरेलसँग भेटी जिज्ञासा राखेको थियो । भेटघाटको क्रममा राखिएका जिज्ञासाहरूमाथि उहाँको धारणा सम्बन्धित सबैको जानकारीका लागि यहाँ प्रस्तुत गरेका छौं - सं.)**

**प्रश्न : वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित बनाउने सन्दर्भमा श्रम तथा रोजगार मन्त्रालयबाट पछिल्लो पटक भै रहेका नीतिगत एवं कानूनी व्यवस्थाहरूबारे जानकारी दिनुहुन्छ कि ?**

उत्तर: नेपाल सरकारले बैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने सन्दर्भलाई मध्येनजर गरी बैदेशिक रोजगार ऐन, २०६४ र नियमावली, २०६४ जारी गरेको छ । यस ऐनका मुख्य प्रावधानहरूले बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने विषयमा केन्द्रित रहेको छ । बैदेशिक रोजगारमा जान खुला गरिएका मुलुकहरूमा द्विपक्षीय श्रम सम्झौता वा श्रमसम्बन्धी समझदारी (BLA or MOU) गरेर गन्तव्य मुलुकमा नेपाली कामदारको हक सुरक्षित गर्ने प्रयास गरिएको छ । यसै आर्थिक वर्ष अर्थात् ०७३/७४ मा मलेसिया, साउदी अरब, लेवनान, जोर्डन र ओमान जस्ता मुख्य गन्तव्य मुलुकमा द्विपक्षीय सम्झौताको तयारी भैरहेको छ । यी सम्झौताहरू सम्पन्न भएपछि तत् मुलुकमा काम गर्न बैधानिक रूपमा गएका नेपाली कामदारहरू ठगिने क्रम र अन्यायमा पर्ने क्रममा नियन्त्रण हुने विश्वास गरिएको छ ।

**प्रश्न : नेपाली कामदारहरू आजाद भिसामार्फत् पनि केही मुलुकहरूमा वैदेशिक रोजगारीमा गईरहेका वा पठाइएका भन्ने कुरा सुनिदै आएको छ । यो आजाद भिसाको प्रयोग गरी बैदेशिक रोजगारमा जान मिल्छ ? यस विषयमा मन्त्रालयको धारणा के छ ?**

उत्तर: नेपालबाट बैदेशिक रोजगारीमा जान चाहने सिधासाधा जनतालाई आजाद भिसामा पठाइदिने र त्यहाँ आफूखुसी काम रोज्न वा सरकारी सेवा पनि प्राप्त गर्न सकिने भनी केही व्यक्तिहरूलाई झुक्याई खाडीका केही मुलुकमा पठाउने गरेको भन्ने सुन्नमा आएको छ । हालसम्म भिसाको विभिन्न प्रकार अर्न्तगत आजाद भिसा नरहेको जानकारी दुतावासबाट प्राप्त भएको छ । नेपाल सरकारले आजाद भिसामा कसैलाई पनि विदेश जान स्वीकृति प्रदान गरेको छैन । कतिपय मुलुकहरू छन् जसले नेपाली नागरिकहरूलाई आगमन कक्षमा नै भिसा उपलब्ध गराउँदछ । त्यस्ता मुलुकमा निजी भ्रमणका रूपमा जानेलाई भने रोक्न नसकिने अवस्था छ । यसर्थ कसैले पनि आकर्षक कुरा गरी प्रलोभनमा पारी झुक्याउन सक्ने सम्भावना भएकाले सबै सरोकारवालाहरू यस्तो ठगी हुनबाट स्वयं सचेत हुनुपर्ने देखिन्छ । साथै, नेपाल सरकारका आधिकारीक निकायहरूमा बुझेर मात्र विदेशमा जाने तथा आर्थिक कारोवार गर्न सबैलाई यसै बुलेटिनमार्फत् अनुरोध गर्न चाहन्छु ।

**अफगानिस्तानमा हालै नेपाल सरकारले सुरक्षाकोदृष्टिबाट बढी सुरक्षा व्यवस्था भएको क्षेत्र अर्थात् ग्रीन जोनमा, विभिन्न राजदूतावासहरू, यू.एन. जस्ता कार्यालयमा जान पाउनेगरी खुला गरेको छ ।**

**प्रश्न : नेपाली महिलाहरू घरेलु कामदारका रूपमा मलेसियालगायत खाडी मुलुकहरूमा जाने क्रम तिव्ररूपमा बढ्दै गएको छ । यसलाई सरल एवं व्यवस्थित बनाउन श्रम तथा रोजगार मन्त्रालयले गरेको पछिल्लो व्यवस्थाबारे जानकारी गराई दिनुहुन्छ कि ?**

उत्तर: नेपाली महिलाहरू घरेलु कामदारको रूपमा मलेसियालगायत विभिन्न मुलुकहरूमा जाने गरेका छन् । नेपाली महिला कामदारहरूलाई यसरी काममा जाँदा समस्या नपरोस् भन्ने उद्देश्यले नेपाल सरकारले बि.सं. २०७२ सालमा घरेलु कामदार पठाउने निर्देशिका, २०७२ जारी गरेको छ । यसमा भएका मुख्य व्यवस्थाहरूमा संस्थागत रूपमा मात्र जान पाइने अर्थात् व्यक्तिगत भिसामा घरेलु कामदारको लागि श्रम स्वीकृति नदिइने, न्यूनतम तलव तीनसय अमेरिकी डलरभन्दा कम हुन नहुने, घरेलु कामदारसम्बन्धी तालीम लिएर मात्र जान पाइने, घरेलु कामदारको माग प्रमाणिकरण गर्ने कार्य नेपाली राजदूतावासले मात्र गर्ने, गन्तव्य मुलुकको एजेन्सीले धरौटीस्वरूप दशहजार डलर दूतावासमा धरौटी अनिवार्य रूपमा राख्नु पर्ने, करार अवधि सकिएपछि अनिवार्यरूपमा नेपाल फर्कनुपर्ने अर्थात् अवैधानिक तवरले बस्न नपाईने लगायतका प्रावधानहरू राखिएका छन् । यी प्रावधानहरूले गर्दा घरेलु कामदारका रूपमा काम गर्न जाने नेपाली महिला कामदारको सुरक्षा व्यवस्था अझै मजबुत भएको तथापी नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णय बमोजिम हाललाई घरेलु कामदार पठाउन स्थागित गरिएको छ ।

**प्रश्नः अफगानिस्तानमा नेपाली कामदार पठाउने सन्र्दभमा नेपाल सरकारको पछिल्लो कदमबारे पनि प्रकाश पारिदिनुहुन्छ कि ?**

उत्तर: अफगानिस्तानमा नेपाली कामदार उपर लक्षित गरी हिंसाका घटना भएपछि केही अवधी नेपाली कामदार पठाउन रोक लगाइएकोमा हालै नेपाल सरकारले सुरक्षाको दृष्टिबाट बढी सुरक्षा व्यवस्था भएको क्षेत्र अर्थात् ग्रीन जोनमा, विभिन्न राजदूतावासहरू, यू.एन. जस्ता कार्यालयमा जान पाउने गरी खुला गरेको जानकारी गराउन चाहन्छु ।

**प्रश्नः बैदेशिक रोजगारको क्षेत्रमा ठगी न्यूनीकरण तथा एजेन्ट व्यवस्थापनका लागि के कस्तो व्यवस्था हुँदैछ नि ?**

उत्तर: बैदेशिक रोजगारको क्षेत्रमा हुने ठगी न्यूनीकरणका लागि सूचना र सचेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै ठगिएका अवस्थामा यथाशीघ्र कानूनी उपचारको व्यवस्था गरिएको छ । ■

# वैदेशिक रोजगार विप्रेषण एवं आर्थिक सामाजिक लागत एक विवेचना



■ सूर्य प्रसाद भण्डारी,
परियोजना संयोजक, सामी (पि.सि.यू.)

**सरकारले फ्रि भिषा, फ्रि टिकट को नीति घोषणा गरी कार्यान्वयनमा ल्याएको, ५ वर्ष राष्ट्रिय कार्य योजना तयार गरेको, राष्ट्रिय रोजगार नीति २०७२ को घोषणा गरी सो नीतिमा पनि राष्ट्रिय रोजगारसँगै वैदेशिक रोजगारको विषयलाई समावेश गरी एकीकृत कार्यान्वयनको पहल गर्न खोजिनु श्रम ऐनमा समसामयिक सुधार गरी राष्ट्रिय रोजगारीको अवसरलाई ब्यवस्थित पार्नु जस्ता ज्यादै महत्वपूर्ण सुधारात्मक पक्षहरू उल्लेखनीय छन् ।**

सामान्यतः आफ्नो मुलुकबाट आय आर्जन एवं कामका लागी अन्यत्र मुलुकमा अस्थायी रूपमा जानु नै वैदेशिक रोजगार हो । यसरी आफनो जीवन निर्वाह वा राम्रो अवसरका लागी एक देशबाट अर्को देशमा काममा जाने प्रकिया विश्वव्यापी छ । हालै अन्तराष्ट्रिय श्रम संगठनबाट प्रकाशित तथ्यांक अनुसार विश्वमा २४ करोड ४० लाख आप्रवासी मध्ये १५ करोड ३० लाख व्यक्तिहरू आप्रवासी कामदारका रूपमा रहेका छन् (ILO को प्रकाशन) । यो आप्रवासको विश्वव्यापी प्रवृत्ति हेर्दा पुरूष र महिलाको अनुपात पनि करिब करिब बराबरीको अवस्थामा छ ।

नेपालको प्रशंग कोट्याउँदा वैदेशिक रोजगारीको सुरूवात सन् १८१६ को सुगौली सन्धि पश्चात भएको देखिन्छ । भारतमा ब्रिटिश उपनिवेश भएको समयमा भारतीय सेनामा भर्ती भएर काम गर्ने प्रथा यसै समयदेखि भएको थियो । तत्कालीन भारत हाल पाकिस्तानको लाहोर भन्ने ठाउँमा गएर काम गरी फर्केका नेपालीहरूलाई लाहुरे भनी सम्बोधन गरेको बुझिन्छ । त्यस बेलादेखि नेपालीहरू विभिन्न पेशामा भारतका विभिन्न स्थान र शहरमा कामको खोजीमा जाने गरेको र भारत हुँदै तत्कालीन वर्मा हाल म्यानमारसम्म पुगेको पाईन्छ ।

आप्रवासन र विकासको व्यवस्थापन गर्ने सिलसिलामा आप्रवासी कामदारका समस्यालाई सम्बोधन गर्ने हिसाबले अन्तराष्ट्रिय श्रम संगठन (ILO) को स्थापना सन् १९१९ मा भएपछि श्रमिकको पारीश्रमिकका शर्तहरू, काम गर्ने समय, उमेर र अन्य सेवा र शर्तको विषयमा चरणवद्ध रूपमा सन्धि सम्झौताहरू हुँदै आएका छन् । समष्टिगत रूपमा आप्रवासन व्यवस्थापनलाई हेर्ने अन्तराष्ट्रिय आप्रवासी संगठन (IOM) को स्थापना भएको छ भने गैर सरकारी र निजी क्षेत्रको संघसंस्थाहरू पनि स्थापना हुँदै आएका छन् । अन्तराष्ट्रिय व्यापार मजदुर संघ (ITUC), आप्रवासन र विकासको विश्वव्यापी संघ (GFMD) जस्ता अन्तराष्ट्रिय स्तरमा मजदुर एवं कामदारका हकहित संरक्षण र व्यवस्थापनका लागी काम गर्दै आएका छन् । यतिका धैरै संघसंस्थाहरू सक्रियतापूर्वक आप्रवासी र आप्रवासी कामदारको हितमा काम गर्दागर्दै पनि आप्रवासीहरूलाई सुरक्षित, व्यवस्थित र मर्यादित ढंगले व्यवस्थापन गर्न नसकिएको, आर्थिक एवं सामाजिक शोषणको समस्या विकराल अवस्थामा देखा पर्ने गरेका छन् ।

अन्तराष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय रूपमा रहेको यी समस्यालाई श्रमिक पठाउने र श्रमिक भित्राउने मुलुकहरूका बीचमा हुनुपर्ने द्विपक्षीय श्रम सम्झौता र तिनको प्रभावकारी कार्यन्वयन हुन नसकेको अवस्था छ । अन्तराष्ट्रिय तहमा पारीत सन्धि, समझदारी र संझौतालाई राष्ट्रिय कानूनमा समावेश गरी आप्रवासी कामदारको हित र संरक्षणको कार्यमा उपयोग हुन आवश्यक छ । श्रम गन्तव्य मुलुकहरूले पनि कम विकसित मुलुकबाट कामदारहरू सजिलोसँग भित्राई आफनो मुलुकको आर्थिक विकासमा प्रयोग गरीरहँदा आफनो मुलुकलाई समृद्ध बनाउन सहयोग गर्ने कम विकासित मुलुकको हित र त्यहाँबाट भित्राइएका कामदार एवं मजदुरको सुरक्षा , आर्थिक एवं शोषण मुक्त गर्ने कार्यमा उचित चासो र व्यवस्थापन हुन त्यतिनै आवश्यक छ । वेरोजगारी समस्या समाधानका लागी आफनो जनशक्तिलाई अन्य मुलुकमा पठाउने मुलुकहरूमा सामाजिक लागत भयावह बन्दै गैरहेको अवस्थामा वैदेशिक रोजगारबाट मुलतः विप्रेषण, सीप प्रविधि र अनुभव भित्रिएता पनि त्यसको समुचित सदुपयोग गर्ने वातावरणको सृजना गर्न नसक्दा कम विकसित मुलुकहरूले धेरै किसिमका समस्याको सामना गर्नु परीरहेको छ जस्तै देशको उत्पादनको क्षेत्रमा ह्रास आउनु, सामाजिक विखण्डन हुनु, बालबच्चा र वृद्धहरूको हेरचाह स्याहार सुसार हुन नसक्नु, खेती योग्य जमिनको उपयोग हुन नसक्नु आदि । उत्पादन र उत्पादकत्वमा ह्रस हुँदै राष्ट्रिय आयको क्षेत्रमा असर परेको छ,फलस्वरूप कूल ग्राहस्थ उत्पादनमा समेत नकारात्मक असरका संकेत देखा पर्दैछन् ।

सरसर्ती हेर्दा विप्रेषण भित्राइँदा यस्ले सर्वसाधारण न्युन आय भएका परिवारले आफनो दैनिक दिनचर्या प्रत्यक्षतः नगद आम्दानी भित्रिनाले दैनिक उपभोग्य सामान खरीद, बालबच्चालाई पढाउने कार्यमा सहयोग पुगेको देखिएता पनि यो विप्रेषणको आम्दानीले दिगो र स्थायी समाधान हुन नसक्ने कुरा पनि स्पष्ट भएको छ ।

नेपालको सन्दर्भमा चर्चा गर्दा वि.स. २०४२ मा जारी भएको वैदेशिक रोजगार ऐन २०४६ को जनआन्दोलनको सफलताबाट पुनःस्थापना भएको प्रजातन्त्रबाट आएको परिवर्तन स्वरूप औद्योगिक विकास, पूर्वाधार विकास र सेवाको क्षेत्रमा भएको परिवर्तनबाट रोजगारीका अवसर सृजना हुँदै गएता पनि नेपालको जनसंख्या वृद्धिदरबाट प्रत्येक वर्ष ५ लाख १२ हजार भन्दा बढी युवाहरू श्रमबजारमा प्रवेश गरेसँगै उनीहरू सबैका लागी रोजगारको अवसर पुऱ्याउन नसक्दा वर्षेनी ४ लाख भन्दा बढी युवाहरू वैदेशिक रोजगारीमा जान बाध्य भएको स्थिती छ ।

प्रजातन्त्रको पुनःस्थापना भएपछि सरकारले अवलम्बन गरेको बजारमुखी खुला अर्थतन्त्रको नीति सँगसँगै वैदेशिक रोजगारीमा जान चाहने लाई ढोका खोलिएको अवस्था हो । यस अघि वैदेशिक रोजगार ऐन २०४२ लागु भएतापनि राहदानी बनाउने प्रक्रिया केन्द्रीकृत भएकाले वैदेशिक रोजगारमा जान सहज थिएन । प्रजातन्त्रको पुनस्थापना पछि ७५ वटै जिल्ला प्रशासन कार्यालयबाट राहदानी पाउने व्यवस्थाले वैदेशिक रोजगारीलाई खुकुलो बनाएको थियो । निजी क्षेत्रले पनि वैदेशिक रोजगारका अवसरको खोजी गरी विश्वका विभिन्न मुलुकहरूबाट माग प्राप्त गरी प्रचलित कानून अनुरूप र सरकारबाट श्रम स्वीकृती लिई पठाउने व्यवस्था बढदै गयो ।

वि.स. २०५०/०५१ देखि मात्र वैदेशिक रोजगारमा जाने कामदारको अभिलेख राख्ने व्यवस्था भएको देखिन्छ। आ.व. २०५०/०५१ मा जम्मा ३६०५ जना नेपाली वैदेशिक रोजगारमा गएकोमा आ.व. २०६२/०६३ सम्म आईपुग्दा वार्षिक रूपमा १६५२५२ संख्यामा नेपाली युवाहरू वैदेशिक रोजगारीमा गएकोमा २०६३/०६४ पश्चात यो संख्या हवात्तै बढेर २०४५३३ पुग्यो । गत आ.व. २०७२/०७३ मा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृती लिनेहरूको संख्या ४१८,७१३ रहेको छ । विदेशिने कूल कामदार मध्ये खाडीका ६ मुलुक र मलेसियामा मात्र ९७% भन्दा बढी कामदार कामका लागि जाने गरेको सँगसगै ७५% भन्दा बढि कामदार सीप/तालीम विना जाने गरेको पनि विभागको तथ्यांक छ ।

वैदेशिक रोजगामा जाने कामदारको आप्रवासन चक्रीय हिसाबले हेर्दा सम्भावित कामदारहरू घरबाहिर निस्के देखिनै विभिन्न

प्रकारको ठगी र शोषणको सामना गर्नुपर्ने, विदेश प्रस्थान अघिदेखि श्रम गन्तव्य मुलुक पुगेपछि पनि ठगी र शोषणमा परेबाट यो क्षेत्रको व्यस्थापनमा निकै ठूला चुनौतिहरू देखा परिरहेका छन् । यो समस्याका समाधानका लागी सरकारले पनि विविध प्रयासहरू गरिरहेको अवस्था छ । वैदेशिक रोजगार व्यवस्थापनमा नेपाल सरकारले चालेका कदमहरू मध्ये वैदेशिक रोजगार ऐन २०६४, श्रम गन्तव्य मुलुकमा राजदुतावासहरूको स्थापना र क्षमता विस्तार, श्रम काउन्सेलर र श्रम सहचारीको व्यवस्था हुँदै वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्था, नयाँ वैदेशिक रोजगार नीति २०६८ लगायतका संस्थागत सुधारका प्रयास उल्लेखनिय छन् ।

हालैका वर्षहरूमा सरकारले फ्रि भिषा फ्रि टिकट को नीति घोषणा गरी कार्यान्वयनमा ल्याएको, ५ वर्षे राष्ट्रिय कार्य योजना तयार गरेको, राष्ट्रिय रोजगार नीति २०७२ को घोषणा गरी सो नीतिमा पनि राष्ट्रिय रोजगारसँगै वैदेशिक रोजगारको विषयलाई समावेश गरी एकीकृत कार्यान्वयनको पहल गर्न खोजिनु श्रम ऐनमा समसामयिक सुधार गरी राष्ट्रिय रोजगारीको अवसरलाई व्यवस्थित पार्नु जस्ता ज्यादै महत्वपूर्ण सुधारात्मक पक्षहरू उल्लेखनीय छन् ।

वैदेशिक रोजगार व्यवस्थापनमा देखिएका समस्यालाई स्थानीय तहमै समाधान गर्न नेपाल सरकारले स्वीस सरकारसँग दुईपक्षीय सम्झौता गरी वैदेशिक रोजगारका लागी सुरक्षित आप्रवासन (सामी) परियोजना कार्यान्वयन गरेको छ । जसबाट स्थानीय एवं समुदाय स्तरसम्म सूचनाको पहुँच,तालीमको पहुँच, न्यायको पहुँच अभिवृद्धि गर्ने कार्य हाल १८ जिल्लामा प्रभावकारी भएको छ । त्यसै गरी केन्द्रीय तहमा वैदेशिक रोजगार विभागमा दिइने सेवा लाई आधुनिक सूचना प्रविधिको प्रयोगबाट अनलाईन सेवा मार्फत सेवा दिने कार्य शुरू भैसकेको छ ।

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित अधितकम लाभदायी बनाउँदै यस्तो रोजगारीको माध्यमबाट प्राप्त हुने विप्रेषणको सदुपयोग गर्न साथै वैदेशिक रोजगारमा जाँदाको आर्थिक र सामाजिक लागत न्यून पार्न पनि सरकारी, गैरसरकारी र निजी क्षेत्रबाट पनि धेरै प्रयासहरू भैरहेका छन् । मुलतः विगत वर्ष २०७२ आषाढ २१ गते बाट लागु भएको फ्रि भिषा, फ्रि टिकट नीतिको कार्यान्वयनबाट वैदेशिक रोजगारमा जानेको संख्यामा कमी आएको, विप्रेषण पनि घट्न थालेको विषयले हाल बजारमा चर्चा पाएको छ । यो विषयलाई अत्यन्त गम्भीरताका साथ अध्ययन अनुसन्धान गरी निचोड निकाल्नुपर्ने आवश्यकता देखिएको छ ।

सरसर्ती हेर्दा आ.ब. २०७१/०७२ मा मलेसियामा २०५ हजार जति नेपाली कामदार गएकोमा आ.ब. २०७२/०७३ मा ६० हजारको संख्यामा मात्र गएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाउँछ । यसबाट नै स्पष्ट हुन्छ की वैदेशिक रोजगारीमा जानेको संख्या र उनीहरूले पठाउने विप्रेषण त्यसै अनुपातमा घटेको छ ।

खाडीका मुलुकहरूमा भने जाने कामदारको संख्या बढेको छ, विप्रेषणमा कमी आएको छैन । यसमा मुख्यकारण के छ भने खाडीका मुलुकहरूमा पहिले देखि नै कामदारका लागी निशुल्क हवाई टिकट र भिषाको व्यवस्था थियो तर मलेसियामा एकतर्फी हवाई टिकट कामदार आफैले व्यहोर्न पर्ने अवस्था थियो । यो नीति लागु गरेपछि मलेसियामा रहेको वहुराष्ट्रिय कम्पनीहरूले मात्र दुवैतर्फी हवाईटिकट र भिषा निःशुल्क प्रदान गर्ने सोच बनाए भने अन्य रोजगारदाता पुरानै अडानमा रहन खोजे, फलस्वरूप कामदारको माग घट्यो । अर्कोतर्फ मलेसिया सरकारले सन् २०१२ बाट लागु गरेको नयाँ तलब मानले पनि रोजगारदाताहरू विदेशी कामदारहरूको संख्या घटाउने प्रयत्नमा लागीरहेकै थिए । मुख्य कुरो त सन् २००३ मा नेपाली राजदूतावास मलेसियामा स्थापना भए देखिनै श्रम संझौता गर्न तयार भएको भएपनि आजसम्म पनि संझौता हुन सकिरहेको छैन । यी कारणहरूले विदेशिने कामदारको संख्या घट्नुको साथै विप्रेषण प्रवाहमा कमी आउनु स्वाभाविक हो ।

अन्त्यमा वैदेशिक रोजगार अन्तिम समाधान होइन । राष्ट्रिय रोजगारलाई नै प्राथमिकता दिनु पर्दछ भन्ने सबै क्षेत्रका विज्ञहरूको भनाई रहेको अवस्थामा यसरी घटेको कामदारको संख्या र विप्रेषणलाई त्यसै अनुरूप विश्लेषण गर्नु पनि आवश्यक छ । नेपालले वर्षौ लगाएर घोषणा गरेको नेपालको संविधानको कार्यान्वयन चरणमा आइपुगेको अवस्थामा राष्ट्रिय नीति, ऐन, कानुनमा सुधार गरी एउटा दृढ निश्चयी बाटोको अवलम्वन गर्नु अत्यावश्यक छ । ■

# सामी परियोजना कार्यरत् जिल्लाहरू अन्तर्गत सञ्चालित सूचना तथा परामर्श केन्द्रबाट नियमित रूपमा उपलब्ध भैरहेका नि:शुल्क सेवाहरू

- सुरक्षित तवरले बैदेशिक रोजगारमा जान चाहनेको लागि आवश्यक सूचनाहरू उपलब्ध गराउने ।
- बैदेशिक रोजगारमा सीप/तालिमको महत्व बुझाई तालिम लिएर र सीप सिकेर मात्र जान अभिप्रेरित गर्ने । साथै, नि:शुल्क सीप/तालिम दिने संस्थाबारे जानकारी दिलाई ईच्छुकलाई सम्बन्धित संस्थामा सिफारिस गर्ने ।
- बैदेशिक रोजगारमा जाँदा बैधानिक तवरले लेखवद्ध भएर जान अभिप्रेरित गर्ने र यसका समग्र चरण र प्रकृयाको बारेमा आवश्यकता अनुसार जानकारी गराउने ।
- बीमा गराउँदा, स्वास्थ्य परीक्षण गराउँदा, रोजगार करारनामामा हस्ताक्षर गर्दा र म्यानपावर कम्पनी छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरूबारे पर्याप्त जानकारी गराउने ।
- गन्तव्य मुलुकमा रहेको नेपाली राजदुतावास, महावाणिज्य दुतावास, श्रम सहचारीहरू र सहयोगी संघसंस्थाहरूका बारेमा जानकारी तथा नाम, ठेगाना र सम्पर्क नम्बरहरू उपलब्ध गराउने ।
- बैदेशिक रोजगारको क्रममा गन्तव्य मूलुकमा मृत्यु भएका, बेपत्ता भएका, जेलमा परेका वा अन्य समस्यामा परेका नेपाली कामदार हरूको उद्दार तथा सहयोगका लागि उनका परिवारका सदस्य र गन्तव्य मुलुकका सम्बन्धित निकाय, राजदुतावास तथा संघसंस्था मार्फत् आवश्यक पहल र सहजीकरणको प्रयास गर्ने ।
- वैदेशिक रोजगारको क्रममा ठगीमा परेका उजुरी वा मुद्दाहरूको कानूनी उपचारको लागि सम्वन्धित निकायमा पहुँच बढाउँन सहयोग गर्ने ।
- वैदेशिक रोजगारको क्रममा मृत्यु भएका र अंगभंग भएका कामदारको हकमा वैदेशिक रोजगार प्रवर्द्धन वोर्डबाट क्षतिपूर्ति उपलब्ध गराइदिन सहयोग गर्ने ।
- सुरक्षित बैदेशिक रोजगारसँग सम्वन्धित सचेतनामूलक सूचनाहरू स्थानीयस्तरमा प्रवाह गर्ने ।
- वैदेशिक रोजगारको क्रममा मानसिक समस्याबाट पीडित कामदार वा परिवारको सदस्यहरूका लागि नि:शुल्क मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।

नोट : सूचना तथा परामर्श केन्द्रले बैदेशिक रोजगारका लागि कसैलाई पनि प्रोत्साहन वा निरूत्साहित गर्ने काम गर्दैन । यसले सेवाग्राहीलाई आवश्यक सूचनाहरू प्रदान गरी सुझबुझसँग निर्णय गर्न सक्ने बनाउन सहयोग गर्ने कार्य मात्र गर्दछ ।

# वैदेशिक रोजगारका लागि सुरक्षित आप्रवासन (सामी) परियोजना : संक्षिप्त जानकारी



■ राजन श्रेष्ठ

**आ.ब. २०५०/०५१ मा विप्रेषण आप्रवाह रू. २ अर्ब १५ करोड रहेकोमा आ.ब. २०७१/०७२ मा रू. ६ खर्ब १७ अर्ब रह्यो जसको कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात २९.१ प्रतिशत हुन आउँछ । आ.ब. २०७२/०७३ मा विप्रेषण आप्रवाह वृद्धि भई रू. ६ खर्ब ६५ अर्ब पुगेको छ भने कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात २९.६ प्रतिशत पुगेको छ ।**



सन् १९८० को दशकदेखि तीव्र रूपमा अगाडि बढेको विश्वव्यापीकरण र आर्थिक उदारीकरणको प्रभाव अन्तर्राष्ट्रिय बजारमा पनि परेको छ जसका कारण नेपाल जस्तो विकासोन्मुख मुलुकमा श्रमको मूल्य र रोजगारीको अवसर दुवै न्यून हुने तथा विकसित एवं उच्च आय भएका मुलुकहरूमा श्रमको मूल्य र रोजगारीको अवसर दुवै उच्च रहने हुँदा रोजगारीका लागि विकासोन्मुख मुलुकबाट विकसित मुलुकहरूमा विदेशिने क्रम तीव्र रूपमा बढ्दै गईरहेको छ । यस अर्थमा वैदेशिक रोजगारको लागि हुने श्रम आप्रवासन हाल आएर नेपाली समाजको लागि नौलो विषय रहेन । विश्व बैंकका अनुसार सन् २०१३ मा २४ करोड ४० लाख मानिसहरू बसाईसराई, रोजगारी लगायत अन्य कारणले आफ्नो देश बाहिर रहेका छन् । नेपालको सन्दर्भमा आ.ब. २०५०/०५१ मा ३ हजार ६ सय नेपालीहरू भारतबाहेक अन्य मुलुकहरूमा रोजगारीका लागि गएकोमा आ.ब. २०७२/०७३ को अन्तसम्ममा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूको संख्या पुरूष ४२ लाख ३१ हजार १३० र महिला १ लाख ६२ हजार ४५३ गरी कूल ४३ लाख ९३ हजार ५८३ पुगेको देखिन्छ (स्रोत : वैदेशिक रोजगार विभाग) । यद्यपि वैदेशिक रोजगारीबाट फर्किएकाहरूको तथ्यांक अद्यावधिक हुन सकेको छैन । यस बाहेक शिक्षा, व्यापार, विवाह आदि कारणले विदेश जानेहरू, अलेखबद्ध कामदार तथा भारतमा रोजगारीका लागि गएका नेपालीहरूको संख्यालाई अभिलेख गर्न सकेमा यो संख्या निकै बढी देखिन आउनेछ ।

वैदेशिक रोजगारबाट नेपाललाई प्राप्त हुने मुख्य फाईदा भनेको विप्रेषण (Remittance) नै हो । नेपाल राष्ट्र बैंकको हालै प्रकाशित एक अध्ययन प्रतिवेदनअनुसार आ.ब. २०५०/०५१ मा विप्रेषण आप्रवाह रू. २ अर्ब १५ करोड रहेकोमा आ.ब. २०७१/०७२ मा रू. ६ खर्ब १७ अर्ब रह्यो जसको कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात २९.१ प्रतिशत हुन आउँछ । आ.ब. २०७२/०७२ मा विप्रेषण आप्रवाह वृद्धि भई रू. ६ खर्ब ६५ अर्ब पुगेको छ भने कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात २९.६ प्रतिशत पुगेको छ । यसैगरी वैदेशिक रोजगारबाट नेपाललाई प्राप्त हुने अर्को फाईदा भनेको सीपयुक्त जनशक्ति हो । विदेशमा सिकेको सीप खासगरी कृषि क्षेत्रमा प्रयोग गरी स्वदेशमा रोजगारीको सृजना गर्नेहरूको संख्या पनि क्रमशः वृद्धि हुँदै गैरहेको छ । केही वर्ष अगाडिसम्म नेपालको गरिबीको रेखामुनिको जनसंख्या ३१% रहेकोमा हाल २३.८% मा घटेको आर्थिक सर्वेक्षण प्रतिवेदन, २०७०/०७१ मा उल्लेख गरिएको छ । यसरी गरिबी घट्नुमा विप्रेषण एउटा महत्वपूर्ण कारक बन्न पुगेको तथ्य पनि उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाल जस्तो आर्थिक रूपमा विपन्न मुलुकमा वैदेशिक रोजगार धेरैका लागि बाध्यता र थोरैका लागि रहरको विषय भए तापनि नेपाली कामदारहरूको जीवनस्तर उकास्न महत्वपूर्ण योगदान दिँदै आइरहेको छ । नेपाली समाजले वैदेशिक रोजगारका लागि केही हदसम्म महँगो सामाजिक मूल्य चुकाउँदै आउनु परेको अर्को पाटोलाई समेत दृष्टिगत गर्दा हाललाई वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनु बाहेक अर्को विकल्प देखिदैन ।

## सुरक्षित आप्रवासन (सामी) परियोजना :


नेपाली युवाहरू वैदेशिक रोजगारमा जाने बढ्दो क्रम सँगसँगै विभिन्न प्रकारका समस्याहरू पनि देखिदै आएका छन् । नेपाली कामदारहरूमाथि हुने विभिन्न खालका ठगी, हिंसाका घटनाहरू बढ्दो क्रममा रहेको छ भने सुरक्षित वैदेशिक रोजगार प्रक्रियाबारे स्थानीय स्तरमा सूचना सेवा प्रवाहको कमी, जनचेतनाको कमी, सीपमूलक तालिम लिएर जानुपर्छ भन्ने भावनाको कमी, अनिवार्य गरिएको अभिमुखीकरण तालिम पनि प्रभावकारी हुन नसक्नु आदि जस्ता कारणहरूबाट कामदारहरू पीडित हुने गरेका छन् । यस परिवेशलाई समेत हृदयङ्गम गरी वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउने नेपाल सरकारको उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने हेतुले स्वीट्जरलैण्ड सरकारले नेपाल सरकारसँग सहकार्य गर्दै आईरहेको छ । सन् २०११ देखि २०१३ सम्म सर्लाही र खोटाङ जिल्लामा सञ्चालित नमूना सुरक्षित आप्रवासन (सामी) परियोजना अन्तर्गत भएका सिकाईहरू तथा असल अभ्यासहरूलाई आधार बनाई



यो दोस्रो चरणको परियोजना कार्यान्वयनमा ल्याएको हो । नेपाल सरकार र स्वीस सरकारबीच सम्पन्न द्विपक्षीय सम्झौता अन्तर्गत श्रम तथा रोजगार मन्त्रालय र हेल्भेटास-स्वीस इन्टरकोअपरेशनद्वारा संयुक्त रूपमा सञ्चालित वैदेशिक रोजगारका लागि "सुरक्षित आप्रवासन" दोस्रो चरणको परियोजनाको अवधि बि.सं. २०७० साल श्रावण १ गतेदेखि बि.सं. २०७४ साल आषाढ मसान्तसम्म (तदनुसार जुलाई १६, २०१३ देखि जुलाई १५, २०१७) रहेकोमा बि.सं. २०७५ आषाढ मसान्त सम्म १ वर्षको लागि परियोजनाको म्याद थप गरिएको छ ।

परियोजनाको मूल लक्ष्य नेपाली महिला तथा पुरूषका लागि सुरक्षित र अधिकतम लाभदायी वैदेशिक रोजगार (आप्रवासन) रहेको छ भने परियोजनाको कार्यान्वयनबाट (क) वैदेशिक रोजगारीमा संलग्न आप्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको सामाजिक, आर्थिक भार कम भै लाभ र आम्दानी बृद्धि भएको हुने र (ख) नेपाल सरकारको वैदेशिक रोजगार नीति, २०६८ को प्रभावकारी कार्यान्वयन गर्ने सक्षम एवं सुदृढ प्रणाली र संयन्त्रको विकास हुने गरी २ प्रमुख उपलब्धीहरू हासिल गर्ने अपेक्षा राखेको छ । परियोजना कार्यान्वयन संरचना तथा विधि : परियोजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि श्रम तथा रोजगार मन्त्रालयमा मन्त्रालयका सचिवज्यूको अध्यक्षता तथा सम्बन्धित मन्त्रालयहरूका सह सचिवस्तरीय प्रतिनिधिको सदस्यता रहने गरी परियोजना निर्देशन समितिको गठन भएको छ जसले मूलतः परियोजनाको नीतिगत मार्ग निर्देशन प्रदान गर्ने कार्य गर्दछ । यस्तैगरी, परियोजनाको व्यवस्थापनलाई प्रभावकारी बनाउन श्रम तथा रोजगार मन्त्रालयका सह सचिवज्यूको अध्यक्षतामा राष्ट्रिय परियोजना समन्वय समितिको गठन गरिएको छ । केन्द्रिय स्तरबाट समग्र परियोजनाको समन्वयका लागि मन्त्रालयमा सुरक्षित आप्रवासन (सामी) परियोजना समन्वय इकाईको स्थापना गरिएको छ । यस परियोजनाले तोकिएका काठमाडौं बाहेक १८ वटा जिल्लाहरूमा सुरक्षित आप्रवासन सम्बन्धी विविध कार्यक्रमहरू कार्यान्वयन गर्दछ जसमध्ये श्रम तथा रोजगार मन्त्रालयमा रहेको परियोजना समन्वय

सामी परियोजनाको संस्थागत संरचना







इकाईमार्फत् ९ जिल्लामा सरकारी संयन्त्रमार्फत् कार्यक्रम सञ्चालन हुँदै आएको छ । जिल्ला तहमा परियोजना कार्यान्वयनका लागि जिविसका स्थानीय विकास अधिकारीको अध्यक्षता र अन्य सरकारी कार्यालयका प्रमुखहरू सदस्य रहने गरी जिल्ला परियोजना समन्वय समिति क्रियाशील रही आएको छ ।

जिल्ला तहमा परियोजना कार्यान्वयनका लागि श्रम तथा रोजगार मन्त्रालय, परियोजना समन्वय इकाई (पि.सि.यू.) अन्तर्गत (१) दाङ, (२) कास्की, (३) नुवाकोट, (४) सिन्धुपाल्चोक, (५) उदयपुर, (६) सिराहा, (७) महोत्तरी, (८) सिन्धुली, र (९) झापा गरी ९ जिल्लाहरूमा विकास समिति मार्फत् विविध कार्यक्रमहरू सञ्चालन भैरहेका छन् भने स्वीस हेल्भेटास, परियोजना व्यवस्थापन इकाई (पि.एम.यू.) बाट (१) खोटाङ, (२) सर्लाही, (३) रामेछाप, (४) नवलपरासी, (५) सुनसरी, (६) कैलाली, (७) धादिङ, (८) धनुषा र (९) सप्तरी गरी ९ जिल्लाहरूमा स्थानीय एन.जि.ओ. मार्फत् कार्यक्रमहरू सञ्चालन भैरहेका छन् ।

हाल सामी परियोजनाबाट काठमाडौं लगायत माथि उल्लेखित अठार जिल्लाहरूमा "सकभर स्वदेशमा नै परिश्रम गरौं, वैदेशिक रोजगारमा जाने निर्णय गर्नुभएको छ भने पर्याप्त जानकारीका साथ सीप सिकेर सुरक्षित भै जाऔं" भन्ने मूल नाराका साथ मूलतः सूचनामा पहुँच अभिवृद्धि, न्यायमा पहुँच अभिवृद्धि, सीप विकास तालिमका लागि सहजीकरण र सरोकारवाला सरकारी तथा निजी क्षेत्रका संयन्त्रहरूको क्षमता अभिवृद्धि गरी ४ प्रमुख कार्यक्षेत्र तोकी विविध कार्यक्रमहरू सञ्चालित अवस्थामा रहेका छन् ।

परियोजना कार्यान्वयन भएका जिल्लाहरूमा जिविस मातहत सञ्चालित सूचना तथा परामर्श केन्द्रबाट जिल्ला प्रशासन कार्यालयमा राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगारसम्बन्धी निशुल्क सूचना तथा परामर्श सेवा प्रदान दैनिक रूपमा प्रदान गर्दै आएको छ । यसका लागि काठमाडौंमा समेत गरी २२ वटा सूचना तथा परामर्श केन्द्रहरू स्थापना गरी प्रशिक्षित कर्मचारीहरू परिचालन गरिएका छन् । यी कर्मचारीहरूले वैदेशिक रोजगारमा जाने निर्णय गरिसकेकाहरू सम्भावित कामदारहरूलाई सुरक्षित वैदेशिक रोजगारका लागि प्रक्रियागतरूपमा श्रम स्वीकृति लिने तरिकाहरूबारे सूचना दिने, वैदेशिक रोजगारमा जानुपूर्व परियोजनाका तर्फबाट प्रदान गरिने निशुल्क सीप तालिम लिन चाहनेहरूका लागि सहजीकरण गर्ने, वैदेशिक रोजगारको क्रममा ठगीमा परेकाहरूका लागि निशुल्क कानुनी सेवा प्रदानमा सहयोग गर्ने, विदेशमा अलपत्र परेका, अंगभंग वा दूर्घटनामा परी मृत्यु भएका नेपाली कामदार हरूको लासलाई स्वदेश ल्याउन समेत सहयोग प्रदान गर्दै आईरहेका




छन् । यसका अतिरिक्त, प्रत्येक जिल्लामा बैदेशिक रोजगारमा जाने जनसंख्या बढी भएको आधारमा कम्तीमा पनि १५ जना वैदेशिक रोजगारबाट फर्केका कामदारहरूलाई स्वयंसेवकको रूपमा प्रशिक्षित गरी परिचालन गरिएका छन् । यी रिटर्नी स्वयंसेवकहरूले आ-आफ्नो कार्यक्षेत्रमा सुरक्षित वैदेशिक रोजगार प्रक्रियाबारे सूचना दिने, ठगी लगायतका समस्यामा परेका व्यक्तिहरूलाई कानुनी सहयोग, सीप तालिम लिई वैदेशिक रोजगारमा जान उत्प्रेरित गर्ने लगायतका कार्यहरू दैनिक रूपमा गरिरहेका छन् । यस्तैगरी, जिल्लास्तरमा स्थानीय संचार माध्यमका सम्बद्ध प्रतिनिधिहरूलाई अभिमुखीकरण तथा नियमित एफ.एम. मार्फत् कार्यक्रम प्रशारण, स्थानीय तहमा गाविस सचिव, सामाजिक परिचालक, मा.वि. तहका सामाजिक शिक्षाका शिक्षकहरू, स्वास्थ्य स्वयंसेवकहरूलाई सुरक्षित वैदेशिक रोजगार विषयमा अभिमुखीकरण गरी परिचालन गरिएका छन् ।

स्थानीय तहमा सुरक्षित वैदेशिक रोजगारीबारे सचेतना अभिवृद्धिका लागि सडक नाटक, विविध सांस्कृतिक कार्यक्रम, लोक दोहोरी गीत प्रतियोगिता, वडा नागरिक मञ्चमा अनुशिक्षण, माध्यामिक विद्यालयका विद्यार्थीहरूलाई विद्यालयमा नै गई सचेतनामूलक अनुशिक्षण आदि जस्ता कार्यक्रमहरू समेत आयोजना गरिँदै आएको छ । हालै सिन्धुपाल्चोक, नुवाकोट लगायत ७ जिल्लाहरूमा सामाजिक मूल्य न्यूनीकरणका लागि वैदेशिक रोजगारीका कारण मानसिक समस्यामा परेका व्यक्ति लक्षित मनोसामाजिक परामर्श सेवा समेत प्रदान गरिदै आएको छ । केन्द्रिय स्तरमा वैदेशिक रोजगारसँग प्रत्यक्ष सम्बद्ध राख्ने विभिन्न सरकारी निकायका पदाधिकारीहरूको क्षमता अभिवृद्धिसम्बन्धी विविध क्रियाकलापहरू सञ्चालन गरिँदै आएको छ भने सुरक्षित वैदेशिक रोजगारबारे सेचतनामूलक सामग्रीहरू व्यापक रूपमा प्रकाशन तथा वितरण समेत हुँदै आएको छ । सबैभन्दा महत्वपूर्ण कुरा के हो भने सामी परियोजनाको आर्थिक एवं प्राविधिक सहयोगमा वैदेशिक रोजगार विभागको सूचना प्रणाली क्षमतामा अभिवृद्धि गरी वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण प्रक्रिया अनलाईनमार्फत् मात्रै सम्पन्न गर्ने कार्यको शुभारम्भ भैसकेको छ ।

वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित एवं व्यवस्थित बनाउने नेपाल सरकारको लक्ष्यलाई प्रभावकारी रूपमा हासिल गर्न सामी परियोजनाले केन्द्र तथा स्थानीय तहमा सञ्चालन गर्दै आएको विविध कार्यक्रमहरू प्रभावकारी देखिएका छन् । परियोजनाले स्थानीय तहमा सम्बद्ध सरकारी तथा गैरसरकारी दुवै क्षेत्रबाट अपनत्व, सहयोग एवं समर्थन प्राप्त गर्न सफल भएको छ । अहिले यस परियोजनाको कार्यक्षेत्र थप जिल्लाहरूमा विस्तारका लागि समेत विभिन्न पक्षहरूबाट माग हुने क्रम बढ्दै गएको छ भने परियोजनाको कार्यक्षेत्र विस्तारका लागि नेपाल सरकार तथा सहयोगको निरन्तरताका लागि स्वीस सरकार समेत सकारात्मक रहेको देखिएको छ । ■

# फर्केर आऊ घर



**–गणेश घिमिरे 'मार्मिक'**

छोडे बस्न युवाहरू मुलुकमा मिल्दैन केही भनी
जान्छन् कष्ट उठाउनै बरू सबै पर्देशमा ती पनि
कोही जान्छ कमाउने रहरले फर्कन्छ ज्युँदै तर
कोहीचैँ बिचरा बसी कफिनमा फर्कन्छ आफ्नो घर

तन्नेरी सब देशका जब हिँडे बोकेर उर्जा, श्रम
यस्तो लाग्दछ देश यो दिनदिनै बन्दैछ वृध्दाश्रम
बाँझै छन् तर खेतका सब गरा बारी बने जर्जर
रोपे पौरख स्वर्ण फल्छ यसमै पोखे पसिना तर

माटोमै सुन फल्छ जाँगर भए जानै कहाँ पर्छ र
जाँदा अन्त विदेशमा'नि रूखमा पैसा कहाँ फल्छ र
आफैँ पाल्छ वनेल, बङ्गुर तथा भेडा र बाख्रा भने
जानै पर्छ विदेश भन्छ कसले पैसा यहीँ फल्छ रे

तर्कारी फलफूलका फसलको खेती गरेरै यहाँ
पैसा टन्न कमिन्छ हाँस, कुखुरा, पाल्दा यसै देशमा
खाँदै दूध र भात टन्न घरमै पालेर गाई अनि
भैंसीपालन गर्न सक्छ जसले उक्सिन्छ रे त्यो पनि

गाऊँ शून्य बनाउँदै सहरमा थुप्रेर बस्ने सब
जोत्ने को अब खेत अन्न कसरी फल्ला र खानू अब ?
काढी ऋण कमाउने रहरले प्रदेश जाने क्रम
रोक्ने के छ उपाय लौ न सबले खोजौँ गरी चिन्तन

छोडी देश हुँदैन चैन मनमा यो राष्ट्र नै प्राण हो
बाटो खन्न उठाउ झम्पल, नयाँ नेपाल निर्माणको
गर्दै उद्यम देशमै बस युवा पर्दैन जानू पर
जो जो बस्छ विदेशमा अब सबै फर्केर आऊ घर

पर्देशीजन आउँदै तर यहाँ पैसा कमाए कति
हामी चैं किन धाउने अरबमा भोग्नेगरी दुर्गति
आफैं दक्ष बनेर उद्यम गरी पैसा कमाउ, तर
व्यर्थैमा किन गर्दछौ अब युवा १ फर्केर आऊ घर

e-mail: ganeshmarmik@gmail.com

# आ.ब. २०६७/०६८ देखि २०७२/०७३ सम्म सामी परियोजना कार्यरत् जिल्लाहरूबाट प्रमुख गन्तव्य मुलुकहरूमा रोजगारीका लागि गएका नेपाली कामदारहरूको विवरण

| सि.नं. | जिल्ला | मलेसिया | | | साउदी अरव | | | कतार | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा |
| १ | झापा | २९,६०६ | २,१३१ | ३१,७३७ | २०,७८६ | २८८ | २१,०७४ | २६,१२१ | ७६८ | २६,८८९ |
| २ | सुनसरी | २२,८२१ | ८६१ | २३,६८२ | १७,१८७ | ९७ | १७,२८४ | १८,६२० | २९८ | १८,९१८ |
| ३ | उदयपुर | १७,०८४ | ८१० | १७,८९४ | ८,६७० | १०१ | ८,७७१ | ७,९७४ | १४८ | ८,१२२ |
| ४ | खोटाङ | १२,८३८ | ५६९ | १३,४०७ | ९,४३९ | ७५ | ९,५१४ | १०,१९० | १३० | १०,३२० |
| ५ | सिराहा | २२,४०८ | ४० | २२,४४८ | २९,६४९ | ९ | २९,६५८ | ३५,७८२ | १६ | ३५,७९८ |
| ६ | सप्तरी | ३५,१७८ | ७४ | ३५,२५२ | १६,६७२ | ९ | १६,६८१ | १७,०१२ | २७ | १७,०३९ |
| ७ | महोत्तरी | ३०,००९ | ८४ | ३०,०९३ | २७,०३६ | १३ | २७,०४९ | २९,७७३ | २९ | २९,८०२ |
| ८ | धनुषा | २६,४७० | ७५ | २६,५४५ | ३५,५५४ | १३ | ३५,५६७ | ४७,५३४ | २५ | ४७,५५९ |
| ९ | सिन्धुली | १७,२५३ | ६९१ | १७,९४४ | ८,७८५ | ११६ | ८,९०१ | ७,६०४ | १८१ | ७,७८५ |
| १० | सर्लाही | ३२,५१० | ३४८ | ३२,८५८ | १४,८१६ | ४८ | १४,८६४ | १८,९३४ | १२५ | १९,०५९ |
| ११ | सिन्धुपाल्चोक | १४,०७२ | १,४१९ | १५,४९१ | ६,७३८ | १८८ | ६,९२६ | ५,३८१ | ४५७ | ५,८३८ |
| १२ | रामेछाप | १०,०४५ | ७०१ | १०,७४६ | ५,८२६ | १०५ | ५,९३१ | ४,४६८ | २०९ | ४,६७७ |
| १३ | नुवाकोट | ११,७८५ | १,०३५ | १२,८२० | ७,८९३ | १२३ | ८,०१६ | ५,८९३ | ३३१ | ६,२२४ |
| १४ | धादिङ | १५,६९८ | ६६० | १६,३५८ | १०,६६१ | ७० | १०,७३१ | ७,२१३ | १९८ | ७,४११ |
| १५ | कास्की | ५,८०० | २१२ | ६,०१२ | ८,३५४ | ३१ | ८,३८५ | ९,१६४ | १३५ | ९,२९९ |
| १६ | नवलपरासी | २६,८९४ | ३९६ | २७,२९० | १७,३१० | ६२ | १७,३७२ | १४,४११ | १४६ | १४,५५७ |
| १७ | दाङ | २०,९९२ | ३९० | २१,३८२ | १३,२२८ | १६७ | १३,३९५ | ११,३५१ | १३२ | ११,४८३ |
| १८ | कैलाली | १२,५५९ | १८७ | १२,७४६ | ७,७०० | १५ | ७,७१५ | ६,०२६ | ३६ | ६,०६२ |
| | जम्मा | ६४,०२२ | १०,६८३ | ३७४,७०५ | २६६,३०४ | १,५३० | २६७,८३४ | २८३,४५१ | ३,३९१ | २८६,८४२ |

| सि.नं. | जिल्ला | कुवेत | | | यु.ए.ई. | | | ओमान | | | बहराईन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | जम्मा | | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा |
| १ | झापा | २,५०५ | २४६ | २,७५१ | १६,८७१ | २,८२५ | ९,६९६ | ३८४ | १४९ | ५३३ | १,०१७ | ११२ | १,१२९ |
| २ | सुनसरी | १,८२८ | ८८ | १,९१६ | ६,७४० | १,१४६ | ७,८८६ | १७० | ४६ | २१६ | ३३९ | ३० | ३६९ |
| ३ | उदयपुर | ६५४ | ४५ | ६९९ | ३,१९९ | ५०९ | ३,७०८ | ९५ | ४० | १३५ | २१२ | २३ | २३५ |
| ४ | खोटाङ | ८५५ | ४० | ८९५ | ४,२३५ | ४२५ | ४,६६० | १०९ | १७ | १२६ | ३३३ | २८ | ३६१ |
| ५ | सिराहा | २,१४८ | ३ | २,१५१ | ३,७५३ | ५३ | ३,८०६ | १०९ | - | १०९ | २०९ | २ | २११ |
| ६ | सप्तरी | १,९४१ | १ | १,९४२ | २,७१४ | ८३ | २,७९७ | १७५ | ४ | १७९ | १६० | ४ | १६४ |
| ७ | महोत्तरी | २,६५४ | ५ | २,६५९ | ४,२७५ | ९४ | ४,३६९ | १९७ | २ | १९९ | २५२ | २ | २५४ |
| ८ | धनुषा | ४,५८२ | ११ | ४,५९३ | ५,९०२ | १२२ | ६,०२४ | २०३ | ४ | २०७ | ४०५ | ५ | ४१० |
| ९ | सिन्धुली | ७८० | ३८ | ८१८ | ३,४०४ | ६९१ | ४,०९५ | १५० | २२ | १७२ | १८७ | २० | २०७ |
| १० | सर्लाही | २,१६४ | ३७ | २,२०१ | ४,६८३ | ४३६ | ५,११९ | २०९ | १४ | २२३ | २९६ | ७ | ३०३ |
| ११ | सिन्धुपाल्चोक | ६१८ | १०७ | ७२५ | ४,०८८ | २,७५० | ६,८३८ | १९१ | १०२ | २९३ | २१२ | ६० | २७२ |
| १२ | रामेछाप | ६४८ | ४४ | ६९२ | ३,०२३ | ८४८ | ३,८७१ | १३३ | २३ | १५६ | १९४ | ३४ | २२८ |
| १३ | नुवाकोट | ९२४ | ६४ | ९८८ | ४,४७५ | १,२९५ | ५,७७० | २१३ | ५८ | २७१ | १९७ | ३३ | २३० |
| १४ | धादिङ | ८९५ | ५५ | ९५० | ४,६९१ | ७४४ | ५,४३५ | १८७ | २७ | २१४ | २८५ | २१ | ३०६ |
| १५ | कास्की | १,३८९ | ५९ | १,४४८ | ७,०२८ | ५६२ | ७,५९० | ३०६ | ३९ | ३४५ | ५३८ | ३२ | ५७० |
| १६ | नवलपरासी | १,९३८ | ६९ | २,००७ | ९,११४ | ६६१ | ९,७७५ | ४९० | ६७ | ५५७ | ७०९ | २८ | ७३७ |
| १७ | दाङ | १,२२७ | २८ | १,२५५ | ४,८९८ | २८८ | ५,१८६ | १५० | ३७ | १८७ | १६७ | ८ | १७५ |
| १८ | कैलाली | ७९९ | १० | ८०९ | ३,३७२ | १७७ | ३,५४९ | २०५ | २० | २२५ | १७५ | ४ | १७९ |
| | जम्मा | ८,५४९ | ९५० | २९,४९९ | ९६,४६५ | १४,७०९ | ११०,१७४ | ३,६७६ | ६७१ | ४,३४७ | ५,८८७ | ४५३ | ६,३४० |

| सि.नं. | जिल्ला | जोर्डन | | | अन्यमुलुकहरू | | | कूलजम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा |
| १ | झापा | ४५ | २४९ | २९४ | ४२८ | ३७६ | ८०४ | ९७,७६३ | ७,१४४ | १०४,९०७ |
| २ | सुनसरी | ४१ | ७० | १११ | २५९ | १८१ | ४४० | ६८,००५ | २,८१७ | ७०,८२२ |
| ३ | उदयपुर | २२ | ५५ | ७७ | ९१ | ६९ | १६० | ३८,००१ | १,८०० | ३९,८०१ |
| ४ | खोटाङ | ७ | ४९ | ५६ | २१५ | ११५ | ३३० | ३८,२२१ | १,४४८ | ३९,६६९ |
| ५ | सिराहा | २६ | १ | २७ | ६० | ७ | ६७ | ९४,१४४ | १३१ | ९४,२७५ |
| ६ | सप्तरी | १९४ | २ | १९६ | २,४४७ | १२ | २,४५९ | ७६,४९३ | २१६ | ७६,७०९ |
| ७ | महोत्तरी | ३९ | ११ | ५० | ९८ | २० | ११८ | ९४,३३३ | २६० | ९४,५९३ |
| ८ | धनुषा | २४ | १० | ३४ | २१५ | १४ | २२९ | १२०,८८९ | २७९ | १२१,१६८ |
| ९ | सिन्धुली | २० | ९६ | ११६ | ११४ | १२३ | २३७ | ३८,२९७ | १,९७८ | ४०,२७५ |
| १० | सर्लाही | ७१ | ६७ | १३८ | १४१ | ७३ | २१४ | ७३,८२४ | १,१५५ | ७४,९७९ |
| ११ | सिन्धुपाल्चोक | ९१ | २९५ | ३८६ | २५२ | १,१४३ | १,३९५ | ३१,६४३ | ६,५२१ | ३८,१६४ |
| १२ | रामेछाप | ३१ | १२९ | १६० | १७० | २२७ | ३९७ | २४,५३८ | २,३२० | २६,८५८ |
| १३ | नुवाकोट | ३४ | २०० | २३४ | २८१ | २४२ | ५२३ | ३१,६९५ | ३,३८१ | ३५,०७६ |
| १४ | धादिङ | ३२ | १७४ | २०६ | २६६ | १९२ | ४५८ | ३९,९२८ | २,१४१ | ४२,०६९ |
| १५ | कास्की | ३१ | ४१ | ७२ | ७९३ | २३४ | १,०२७ | ३३,४०३ | १,३४५ | ३४,७४८ |
| १६ | नवलपरासी | ३७ | ६३ | १०० | ३५० | ११६ | ४६६ | ७१,२५३ | १,६०८ | ७२,८६१ |
| १७ | दाङ | १२ | ४४ | ५६ | १८१ | २७ | २०८ | ५२,२०६ | १,१२१ | ५३,३२७ |
| १८ | कैलाली | ३२ | २० | ५२ | १२४ | ३१ | १५५ | ३०,९९२ | ५०० | ३१,४९२ |
| | जम्मा | ७८९ | १,५७६ | २,३६५ | ६,४८५ | ३,२०२ | ९,६८७ | १,०५५,६२८ | ३६,१६५ | १,०९१,७९३ |

## बैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखको लागि बीमा शूल्क रकम (रूपैयाँमा) लागू मिति २०७३ साल साउन ०१ गते (बीमांक रू. १० लाख)

<table>
<tr><th colspan="2" rowspan="2">बीमा अवधि</th><th colspan="4">उमेर समुह</th></tr>
<tr><th>१८ वर्षदेखि ३५ वर्षसम्म (रू.)</th><th>३६ वर्षदेखि ५० वर्षसम्म (रू.)</th><th>५१ वर्षदेखि ६४ वर्षसम्म (रू.)</th><th>६५ वर्ष भन्दा माथि</th></tr>
<tr><td rowspan="3">१ वर्ष बीमालेखमा अवधि थप गर्दा</td><td>१ वर्ष ६ महिन</td><td>२,०६६/-</td><td>२,९००/-</td><td>६,१६३/-</td><td rowspan="15">कामदार र रोजगारदाता बीचको करार अवधिलाई मूल बीमा अवधि मानी बीमकले निर्धारण गरेको बीमाशुल्कको आधारमा समानुपातिक दरले हिसाव गरी थप अवधिका लागि एकमुष्ट बीमाशुल्क लिनु पर्नेछ ।</td></tr>
<tr><td>१ वर्ष ९ महिना</td><td>२,३५६/-</td><td>३,२६३/-</td><td>६,७०६/-</td></tr>
<tr><td>२ वर्ष</td><td>२,६४६/-</td><td>३,६२५/-</td><td>७,२५०/-</td></tr>
<tr><td rowspan="3">२ वर्ष बीमालेखमा अवधि थप गर्दा</td><td>२ वर्ष ६ महिना</td><td>३,०८४/-</td><td>४,२७८/-</td><td>८,४१०/-</td></tr>
<tr><td>२ वर्ष ९ महिना</td><td>३,३०३/-</td><td>४,६०४/-</td><td>८,९९०/-</td></tr>
<tr><td>३ वर्ष</td><td>३,५२४/-</td><td>४,९३०/-</td><td>९,५७०/-</td></tr>
<tr><td rowspan="3">३ वर्ष बीमालेखमा अवधि थप गर्दा</td><td>३ वर्ष ६ महिना</td><td>३,९७३/-</td><td>५,५१०/-</td><td>१०,८०३/-</td></tr>
<tr><td>३ वर्ष ९ महिना</td><td>४,१९८/-</td><td>५,८००/-</td><td>११,४१९/-</td></tr>
<tr><td>४ वर्ष</td><td>४,४२३/-</td><td>६,०९०/-</td><td>१२,०३५/-</td></tr>
<tr><td rowspan="3">४ वर्ष बीमालेखमा अवधि थप गर्दा</td><td>४ वर्ष ६ महिना</td><td>४,७८५/-</td><td>६,५९८/-</td><td>१३,२६८/-</td></tr>
<tr><td>४ वर्ष ९ महिना</td><td>४,९६६/-</td><td>६,८५१/-</td><td>१३,८८४/-</td></tr>
<tr><td>५ वर्ष</td><td>५,१४८/-</td><td>७,१०५/-</td><td>१४,५००/-</td></tr>
<tr><td rowspan="3">५ वर्ष बीमालेखमा अवधि थप गर्दा</td><td>५ वर्ष ६ महिना</td><td>५,४३८/-</td><td>७,७५८/-</td><td>१५,६६०/-</td></tr>
<tr><td>५ वर्ष ९ महिना</td><td>५,५८३/-</td><td>८,०८४/-</td><td>१६,२४०/-</td></tr>
<tr><td>६ वर्ष</td><td>५,७२८/-</td><td>८,४१०/-</td><td>१६,८२०/-</td></tr>
</table>

## सूचना तथा परामर्श केन्द्र/सफलताका कथाहरू

### श्रीमान् वैदेशिक रोजगारमा हराए, छोरीको जन्मदर्ता नै भएन !

"मेरा बुबा को हो ? बुबा कहाँ हुनुहुन्छ मम्मी ?" भनि दिनु भनी दिनै प्रश्न गरिरहन्छिन् ४ वर्षिया लक्ष्मी राजगुरू । बुबा विदेश जाँदा ४ महिनाको गर्भमा रहेकी लक्ष्मी वावु विदेश गएको ५ महिना पछि जन्मिएकी हुन । उनले ४ वर्ष पुग्दा समेत न त बुबाको अनुहार नै देखेकि छन न त उनको जन्मदर्ता नै भएको छ ।

न त आमाको नागरिकता छ, न त आमाको विवाह दर्ता नै भएको छ । जसले गर्दा विद्यालय जाने उमेर हुँदा समेत उनले अध्ययनको लागि औपचारीक शिक्षा लिन पाएकी नै छैन् । अहिले लक्ष्मीकी आमा पवित्रा राजगुरू विभिन्न संघ संस्थामा न्यायको लागी भौतारीन थाल्नुभएको छ । आफ्ना श्रीमान टोप वहादुर राजगुरू परिवारदेखि सर्म्पकविहीन भएपछि पवित्रालाई दिन प्रतिदिन समस्या थपिन थालेको वताउनु भयो । वैदेशिक रोजगारको सिलसिलामा मानपुर १, वनकटीका राजगुरू ४ वर्ष अगाडि कुवेत जानुभएको थियो । बाबु टोप वहादुर राजगुरू गएदेखि नत घरमा नै आएका छन नत फोन तथा पैसा नै पठाएका छन् । उनले श्रीमान् गएको शुरूको दुई वर्षमा त कहिलेकाहि फोन गर्नुका साथै र ४-५ महिनामा ८० देखी ९० हजारसम्म रकम पठाउनु भएको थियो तर विगत २ वर्षदेखि नत घर परिवारलाई सर्म्पक नै गरे न पैसा नै पठाए । खाली फरक-फरक समयमा फोन नम्वर परिर्वतन गर्ने र घरमा समेत फोन सर्म्पक नगर्ने गर्दा नै टोप वहादुर राजगुरू २ वर्ष देखि घरपरिवारसँग सर्म्पकविहीन भएको २४ वर्षीया श्रीमती पवित्रा राजगुरू वताउनु हुन्छ ।

पैसा कमाउन र घर परिवारको सुखसयलको लागि खाडी मुलुकमा काम गर्नका लागि स्थानीय एजेन्टमार्फत् वि.सं. २०६८ साल माघ महिनामा कुवेत गएका राजगुरू विदेश गए पश्चात् घर परिवारको वास्ता गर्न छोडेको निजकी श्रीमती पवित्रा बताउनुहुन्छ । तर जे भए पनि आफनो पतिको लागी विभिन्न प्रकारको दुःख र अपहेलना सहेर आफुले जीविका चलाएको पवित्राले बताउनु भयो । स्थानिय स्तरमा वैदेशिक रोजगारको लागि सुरक्षीत आप्रवासन (सामी) परियोजनाका रिटर्नी स्वयम्सेवकसँगको भेटघाट पछि उनले आफनो समस्या बताए । स्वयंसेवकमार्फत् जि.वि.स. दाङबाट घोराहीमा संचालित सूचना तथा परामर्श केन्द्रमा आउनु भएकी पवित्राले भन्नुभयो- "नत मसँग विवाह दर्ता नै छ । नत नागरिकता नै । अब म के गरौं ? छ त मसँग उहाँको रगतको नाता एउटा छोरी मात्र छ । उसलाई पनि विद्यालय पढाउने बेला भयो । कसरी पठाउने भन्ने मात्र चिन्ता छ ।"



(पवित्रा राजगुरू, दाङ)

आफनो श्रीमान् नै विदेश गएको र घरमा रकम नपठाउनुका साथै सर्म्पक नगरेपछि घरपरिवारवाट अपहेलना हुन थालेपछि पवित्रा अहिले छोरीसँग बस्दै आउनुभएको छ । आफ्नो आयश्रोत केही नभएको र ४ कठ्ठा जति जमिन सासू ससुराले गरेर खाउ भनेर दिएकाले त्यहि जमिनको सदुपयोग गर्दै जीवन निर्वाह गरेको बताउनुहुन्छ । म अब के गरूँ ? न त श्रीमान्को माया छ न त घर परिवारको माया नै पाएको छु । घरपरिवारले पनि छुट्याएर एक्लै बसेको छु, मेरो श्रीमानलाई छिटो नेपाल बोलाई दिनुहोस भनेर यहाँसम्म आएको हुँ भन्दै भक्कानिदै आफ्नो गुनासो राख्नुभएका थियो । सूचना केन्द्रका परामर्शकर्ता बसन्ती पुनले स्थानीय एजेन्टलाई फोन गरी टोप वहादुरको भाईवर तथा मोवाईल नम्वर पत्ता लगाएपछि परामर्शकर्ताले भाईवरमा कुवेत रहेका राजगुरूलाई सम्पर्क गरी उहाँको वारेमा बुझ्दा आफू गैरकानुनी तरिकाले कुवेतमा बसिरहेको र आफु चाँडै नै नेपाल आउने जानकारी दिनुभएको थियो । दुई वर्षसम्म किन घर परिवासँग सर्म्पक नगरेको भन्ने प्रश्नमा राजगुरूले आफुले बारम्बार फोन गरिरहेको भनी पन्छिन खोजेका थिए । पछि सूचना केन्द्रका कर्मचारीले विभिन्न प्रश्न गर्दै घरपरिवरको बारेमा जानकारी दिएपछि राजगुरूले घरमा श्रीमतीले फोन चलाउन नजान्ने भएकाले फोन नगरेको जवाफ दिएका थिए । तर सूचना केन्द्रमार्फत् राजगुरूकी श्रीमतीको फोन नम्वर दिएपछि उनले आफुले अबको १५ दिनमा घरमा पैसा पठाई दिने र घर छिट्टै आउने जानकारी परामर्शकर्तालाई दिएका थिए ।

सूचना तथा परामर्श केन्द्रको सहायताले गर्दा आफ्नो श्रीमान् अब छिट्टै नेपाल फर्कने र छोरीको समस्या पनि समाधान हुनेमा उनी विश्वस्त भएका छन् । ■

## सूचना तथा परामर्श केन्द्र, दाङ



(जिल्ला प्रशासन कार्यालय परिसर भित्र रहेको सूचना तथा परामर्श कक्ष, घोराहीमा राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे सूचना तथा परामर्श दिँदै परामर्शकर्ता । विस्तृत जानकारीका लागि : सूचना तथा परामर्श केन्द्र, दाङको सम्पर्क नम्बर : ०८२-५६३७५५ वा ईमेल : info.iccdang@gmail.com मा सम्पर्क गरौं ।)

**सूचना केन्द्रका कर्मचारीले विभिन्न प्रश्न गर्दै घर परिवारको वारेमा जानकारी दिएपछि राजगुरूले घरमा श्रीमतीले फोन चलाउन नजान्ने भएकाले फोन नगरेको जवाफ दिएका थिए । तर सूचना केन्द्रमार्फत् राजगुरूकी श्रीमतीको फोन नम्बर दिएपछि उनले आफूले अवको १५ दिनमा घरमा पैसा पठाई दिने र घर छिट्टै आउने जानकारी परामर्शकर्तालाई दिएका थिए ।**

(सूचना तथा परामश केन्द्र, दाङबाट परामर्शकर्ता श्री योगेन्द्र बस्नेतबाट बुलेटिनका लागि प्रषित-सं.म.)

## सूचना तथा परामर्श केन्द्र/सफलताका कथाहरू

# फ्रि भिसा फ्रि टिकटको जानकारी पाएपछि मेनपावरलाई बुझाउन लगेको पैसा घरमै फिर्ता पठाई वैदेशिक रोजगारमा जान सफल भए विक्रम कार्की

"फ्रि भिसा फ्रि टिकट भएको छ रे भनेको सुनेको थिएँ तर बिश्वास लागेको थिएन । पैसा नतिरिकन मेनपावरले के पठाउला ? बिश्वास नै लागेको थिएन ।" सूचना तथा परामर्श केन्द्र, गाईघाटमा विक्रम कार्की परामर्शकर्तालाई सुनाउँदै थिए । बैदेशिक रोजगारका क्रममा पहिलो पल्ट मलेसियाबाट र दोस्रो पल्ट दुबईमा साहुको ऋण लिएर गएकोमा हण्डर खाएर फर्किएका उदयपुर जिल्ला, त्रियुगा नगरपालिका वडा नं. १५ बस्ने बर्ष २३ का बिक्रम कार्की बि.बि.एस.सम्मको पढाईलाई बीचैमा छाडी बिदेशिएका र बिदेश बसाइ पनि उपलब्धिपूर्ण नभएपछि पछि अब के गर्ने, साहुको ऋण कसरी तिर्ने र दिनै पिच्छे घरको कचकचले गर्दा के गरूँ र कसो गरूँ भन्ने अवस्थामा अनुत्तरित हुँदै घरमा बसिरहेका थिए । अब फेरी बिदेश जाउँ त पहिले कै ऋण कसरी तिर्नु भईरहेको अवस्थामा पैसा तिरेर बिदेश जानु पनि उनका लागि फलामको चिउरा सरह भैरहेको थियो । स्वदेशमै केही गरौं भने पनि आत्मबिश्वासको कमी र लगा( नीको अभाव । जसोतसो ऋणमाथि ऋण गरेरै भए पनि बिदेशै जाने निश्चयले पासपोर्ट हातमा लिएर कहिले काठमाण्डौका मेनपावरमा त कहिले स्थानीय एजेन्टसँग राम्रो कामको खोजी गरिरहेका थिए । अगुल्टोले हानेको कुकुर बिजुली चम्किदा पनि तर्सन्छ भने जस्तै सूचना केन्द्रद्वारा प्रसारित सूचनामुलक रेडियो कार्यक्रम सुनी सकेपछि बिदेश जाने कुरामा केहि बुझ्नु पर्‍यो भनी सूचना केन्द्रमा आएका थिए । बैदेशिक रोजगारमा जाँदा लाग्ने लागतका बारेमा जिज्ञाशा राख्दै कुन देश जाँदा कति लाग्छ भनी सोध्दा सूचना केन्द्रका परामर्शकर्ताबाट वि.सं. २०७२ असार २१ गतेदेखि मलेसिया लगायत खाडी मुलुकका ६ वटा मुलुकहरूमा जान फ्रि भिसा, फ्रि टिकट लागु भएको र अधिकत्तम रू १०,०००।– भन्दा बढी खर्च नलाग्ने ब्यवस्था भएको भन्ने जानकारी पाएका थिए । उनलाई स्थानीय एजेण्टले विदेश जाने भए बीस हजार लाग्ने भनेपछि एजेन्टको बिश्वास नगरी आफै काठमाण्डौस्थित एउटा नेपाल सरकारबाट ईजाजत प्राप्त मेनपावरमा गई कुराकानी गरे । मेनपावरका डाइरेक्टरले कति पैसा लाग्छ अहिले थाहा छैन, उड्ने बेलामा केही पैसा लाग्छ, पैसा लिएर आउनू भनेका थिए । मनेपावरको कुरामा उनलाई शंका लाग्यो । सूचना केन्द्रबाट भनेको कुरा साँचो हो भन्ने मनमा विश्वास थियो । फ्रि भिसा फ्रि टिकट रहेछ, हामीसगँ रकम लिन खोजेको हो भन्ने कुरा बुझ्न उनी लगायत उनका साथीहरूलाई कुनै समय लागेन र मेनपावरका डाइरेक्टरलाई



## सूचना तथा परामर्श केन्द्र, उदयपुर



(जिल्ला प्रशासन कार्यालय परिसर भित्र रहेको सूचना तथा परामर्श कक्ष, गाईघाटमा राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे सूचना तथा परामर्श दिँदै परामर्शकर्ता । विस्तृत जानकारीका लागि : सूचना तथा परामर्श केन्द्र, उदयपुरको सम्पर्क नम्बर : ०३५-४२१६४७१ वा ईमेल : info.iccudaypur@gmail.com मा सम्पक गरौं ।)

**मेनपावरका डाइरेक्टरलाई अहिले फ्रि भिसा फ्रि टिकट छ, पैसा त लाग्दैन भन्ने कुरा हामीले सुनेका छौं भनी मसँगै रहेका अरू साथीहरूले पनि भनेपछि ठिकै छ, उड्ने बेलामा बिचार गरौँला भन्न बाध्य भए ।**

अहिले फ्रि भिसा फ्रि टिकट छ, पैसा त लाग्दैन भन्ने कुरा हामीले सुनेका छौ भनी मसँगै रहेका अरू साथीहरूले पनि भनेपछि ठिकै छ, उड्ने बेलामा बिचार गरौँला भन्न बाध्य भए । बैदेशिक रोजगार बिभागबाट श्रम स्वीकृत हेर्ने सूचना केन्द्रबाट मोबाईल एस.एम.एस. को बारेमा जानकारी गराइएको थियो । त्यहि अनुसार मोबाइलबाट एस.एम.एस. गर्दा मलेसियास्थित INFINEON TECHNO को फ्याक्ट्री वर्करका लागि शून्य लागतमा कामदार माग भएको जानकारीले त झन मेनपावरसँग कुरा गर्न सजिलो भयो । वि.सं. २०७३ भाद्र २९ गते घरबाट हिँड्दा के हो, के पर्ला भनी मेनपावरलाई बुझाउन भनी रू. ५०,०००।– लिई काठमाण्डौं हिँडेका बिक्रम उडानको लागि मेनपावर जाँदा पैसा नलाग्ने जानकारी पाएपछि घरबाट लगेको पैसा घरैमा आमालाई फिर्ता गरिदिए । नि:शुल्कमा त मलेसिया आईयो तर काम कस्तो पाईने हो ? भने अनुसार तलव दिने हो कि होइन? फ्रि भिसा फ्रि टिकटमा जाँदा मलेसियाको कम्पनीले तलव काट्छ भन्ने हल्लाले चिन्तित थिए तर अनुमान गरेको भन्दा राम्रो पाइयो । मासिक १६०० रिंगेट कमाई हुँदो रहेछ । कम्पनीमा कम्प्यूटरका पार्टहरू बन्दो रहेछ । हामीले सामानहरूलाई सफा गरी मिलाएर सोकेसमा राख्नुपर्ने काम रहेछ । सम्झौतामा उल्लेख भएको सबै सुबिधाहरू कम्पनीले दिएको छ । उनी भन्छन्– बिदेश आउनेहरूले सबै कुरा बुझेर आउने हो भने समस्या झेल्नुपर्दैन । सूचना तथा परामर्श केन्द्र, गाइघाटबाट प्राप्त जानकारीले मेनपावर कम्पनीलाई बुझाउन लगेको रकम घरै फिर्ता गरी मलेसिया गएका बिकम शून्य लागतमा गएर राम्रो कम्पनीमा राम्रो काम र कमाईले गर्दा अहिले निकै खुशी रहेको कुरा फोनबाट परामर्शकर्तालाई जानकारी गराएका थिए । ■

(सूचना तथा परामर्श केन्द्र, उदयपुरका परामर्शकर्ता श्री चित्र बहादुर कार्कीद्वारा बुलेटिनका लागि प्रेषित-सं.म.)

# सामी परियोजनाको स्वंयसेवक भएर सेवा गर्न पाउँदा धेरै गर्व लाग्छ



■ छिनदोर्जे लामा (ह्योल्मो),
रिटर्नी स्वंयसेवक, हेलम्बु, सिन्धुपाल्चोक

**हेलम्बु १ हल्देको मिमांर लामालाई दलालले इजरायल पठाई दिन्छु, भिषा आयो भनेर पैसा मागेका थिए । उडाउन लागेको बेलामा एस.एम.एस बाट भिषा चेक गर्दा सिंगापुरको भिजिट भिसा भएको थाहा भएपछि उक्त दलाललाई पैसा तिराइएन र उनी ठगीनबाट जोगिए ।**

**आर.भि. को डायरीबाट**

म छिनदोर्जे लामा (ह्योल्मो) हेलम्बु गा.वि.स.को वडा नं. ८ तिम्बु सिन्धुपाल्चोकमा बस्छु । म विगत १२ वर्ष अगाडि सन् २००४ मा बेरोजगार भएकोले पहिलो पटक समुद्र पार मलेशिया भन्ने देशमा रेष्टुराँ कम्पनीमा काम गर्न गएको थिएँ । उक्त कम्पनीको मालिक चाईनिज थियो । काम धेरै गर्नु पर्ने थियो तर तलब भने कम्ती । यसरी मैले जेनतेन ३ वर्ष पूरा गरेर नेपाल फर्केको थिएँ । त्यो देशमा मभन्दा बाहेक धेरै नेपाली दाजुभाइहरू लुकेर काम गरिरहेको भेट्टाएँ । प्रायः कम्पनीले काम छैन भनेर तलब नदिई निकाला गरेपछि लुकेर काम गर्ने बाहेक अन्य केही उपाय थिएन । कतिपय त त्यतै इन्डोनेशियाका केटी विवाह गरेर नेपाल घर फर्किन नसकेको पनि भेट्टाएँ ।

मलेसियाबाट फर्केको २ वर्षपछि सन् २००६ मा मेनपावरलाई मोटो रकम तिरेर म फेरी इजरायलमा गएको थिएँ । आफ्नो भविष्य उज्जवल बनाउँछु भन्ने सपना बोकेर इजरायलको तेलअभिव शहर पुगें । शुरूमा मलाई त्यहाँको हिब्रु भाषा प्रष्ट आएन किनकी नेपालबाट मैले भाषा राम्रोसँग सिकेको थिएन । भाषा जानेन भनेर मलाई दुईवटा घरमा राखेनन् । एजेन्टले फेरी अर्को घरमा लग्यो । बल्ल तल्ल तेश्रो घर चाहिँ अलि अंग्रेजी भाषा बोल्ने भएकोले मैले त्यहाँ काम सुरू गरें । यसरी भाषा नजान्ने समस्याले गर्दा मैले धेरै भारी कामको बोझ बोकें, धेरै गाली खानु पर्‍यो अनि तलब पनि थोरै दिन्थे । यसरी काम गर्दै जाँदा मेरो विश्वासिलो साथीले नै मलाई ठुलो धोका दियो । इजरायल पुगेको २ वर्ष पनि पुगेको थिएन । मेरो साथी त एजेन्ट भएर काम पो गर्दो रहेछ । मलाई थाहा थिएन उ फटाहा थियो भनेर । म सोझो थिएँ । उसले मलाई फकाएर मेरो आफन्तहरूसँग पैसा मागी दिनु पर्‍यो, केही महिनापछि फिर्ता गर्छु भने । मैले पनि साथीलाई भिसा हान्नको लागि पैसा पुगेन भनेर मेरा आफन्तहरूसँग खोजेर उसलाई पैसा सापटी दिएँ तर पैसा हात परेपछि उनी एक्कासी सम्पर्कविहीन भए । त्यसरी मलाई त्यो एजेन्ट साथीले लगभग ११ लाख जति फसाई दिएको थियो । त्यो रकम मैले हालसम्म पनि तिर्न सकेको छैन । त्यसपछि म नेपाल फर्कें र फेरी पनि केही कमाइन्छ कि र ऋण तिरौंला भनेर खाडी मुलुक दुबई गएँ । सन् २०१४ मा एक फूड प्याकिङ्ग कम्पनीमा भनेर गएको त दलालहरूले मलाई मेसिन अपरेटरमा राखि दिए । अपरेटर काम कहिल्यै नगरेकोले मलाई धेरै गाह्रो भयो । त्यसैले म भिषा पुरा नै नभई स्वदेश फर्किएँ । १७ महिना बस्दा त्यस मुलुकमा घरायसी काम गर्ने अधिकांश नेपाली चेलीहरूले कहिल्यै बिदा नपाएको र काममा मात्रै निर्दयी पाराले पेलेको देखें । यसरी म जुन सपना बोकेर विदेश छिरेका थिएँ, त्यो उल्टो भयो ।

म आफ्नै गाउँमा बसी दिनचर्या गरिरहेको अवस्थामा एक दिन जिल्ला विकास समिति, सामी परियोजना, चौताराले हेलम्बुमा बसी रिटर्नी भोलिन्टियर (आर.भी.) को रूपमा काम गर्ने जनशक्ति माग गरेको जानकारी पाएँ । आफूले विदेशमा भोगेका दुःखहरू सम्झें, आफ्नो गाउँका युवाशक्तिलाई सकभर स्वदेशमा नै केही गर्नुपर्ने र जानै पर्ने भए सबै कुरा राम्रोसँग बुझेर मात्रै जानुपर्ने सिकाई पुनःस्मरण भयो र रिटर्नी स्वंयसेवक भएर गाउँमा सुरक्षित वैदेशिक रोजगारबारे सचेतना फैलाउने मेरो इच्छा पूरा गर्ने एउटा राम्रो अवसरको रूपमा लिएँ । यसपछि मैले निवेदन दिएँ र छनोट पनि भएँ । यसरी लगभग मैले स्वंयसेवकको रूपमा काम गर्न थालेको वर्ष दिन पुग्न लागेको छ । हेलम्बु गा.वि.स भौगोलिक दृष्टिले पनि विकट ठाउँमा रहेको हेलम्बुबासीहरूसँग सामी परियोजनाको स्वंयसेवकको रूपमा सेवा दिन पाउँदा मलाई गर्व लागेको छ । हेलम्बु गा.वि.स.मा रहेको ५,००९ जनसंख्यामध्ये ६५७ जति विदेश पलायन भएका छन् ।

हेलम्बुबासीहरूको वैदेशिक रोजगार सुरक्षित बनुन्, उनीहरूलाई कहिल्यै पनि मेरो जस्तो समस्या नपरोस् भन्ने मेरो चाहना हो । हेलम्बुको ९ वटै वडामा सामी परियोजना अर्न्तगत सुरक्षित ढंगले विदेश जानु पर्छ भन्ने कार्यक्रम चलाइयो । कार्यक्रमबाट सबैजना प्रभावित भएका छन् । यो धेरै राम्रो काम हो यस्तो सल्लाह र जनचेतना दिलाउनु ठुलो धर्म हो भन्ने समुदायबाट मैले पाएको छु । म आफु फसे पनि अरू साथीहरू,चेलीबेटीहरू कोही नफसुन भन्ने सन्देश दिँदै कार्यक्रमबाट बिदा हुँदा सबले मेरो सम्पर्क नम्बर लिने गर्दछन् ।

बैदेशिक रोजगार सम्वन्धि जनचेतना कार्यक्रम चलाउने क्रममा कुवेतमा सम्पर्कविहीन भएका किसाङ डोमा शेर्पाको खोजीमा सहयोग गरी सम्पर्क गर्न सफल भएका छौं । हाल उनले आफ्नो परिवारलाई सम्पर्क गरेर पनि पैसा पठाउन थालेका छन् । त्यसैगरी हेलम्बु १ हल्देको मिमांर लामालाई दलालले इजरायल पठाई दिन्छु, भिषा आयो भनेर पैसा मागेका थिए । उडाउन लागेको बेलामा एस.एम.एस बाट भिषा चेक गर्दा सिंगापुरको भिजिट भिसा भएको थाहा भएपछि उक्त दलाललाई पैसा पनि तिराइएन र उनी ठगीनबाट जोगिए । यसैगरी बहराइन जाने भनेर एक हेलम्बु ८ को चनमती सुनाले गार्मेन्ट तालिम सिप सिक्न गएकी छिन् । अहिले म आफ्नै गाउँ ठाउँका मानिसहरूलाई सुरक्षित वैदेशिक रोजगारसम्वन्धी जानकारी गराउँदै उनीहरूलाई अनिवार्य रूपमा सुचना केन्द्र गई अझ राम्ररी बुझेर मात्र विदेश जान अनुरोध गर्दै आईरहेको छु र यसैमा सन्तुष्ट पनि छु । ■

## सूचना तथा परामर्श केन्द्र, सिन्धुपाल्चोक



(जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक परिसर भित्र रहेको सूचना तथा परामर्श कक्ष, चौतारामा राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे सूचना तथा परामर्श दिँदै परामर्शकर्ता । विस्तृत जानकारीका लागि : सूचना तथा परामर्श केन्द्र, चौताराको सम्पर्क नम्बर : ०११-६२०१३८ वा ईमेल : info.iccsindhupalchowk@gmail.com मा सम्पर्क गरौं ।)

# छोरीसँग कुरा हुँदा अहिलै नै उडेर घर जाउँ जस्तो हुन्थ्यो



■ शोभा नेपाली,
रिटर्नी स्वयंसेवक, गौरादह -२, झापा

आर.भि. को डायरीबाट

मेरो नाम शोभा नेपाली । जन्मघर गौरादह नगरपालिका वडा नम्बर २ । बुबाको नाम प्रेमलाल नेपाली अनि श्रीमान्को डम्बर वर्देवा । आर्थिक अवस्था ज्यादै कमजोर भएकोले परिवारको दैनिक गुजारा चलाउन निक्कै समस्या थियो । छरछिमेकमा वैदेशिक रोजगारमा जानेहरूले राम्रै कमाई गरी पैसा पठाइरहेको सुन्थें । अन्य विकल्प नदेखेकी हुँदा विदेश जाने मनसाय बनाएँ र सबैभन्दा पहिला मैले यसबारे मेरो ठूलीआमालाई बताएँ । आफ्नो घरमा पनि घरेलु हिँसाबाट पीडित हुनुपरेको उहाँलाई राम्रैसँग जानकारी थियो अतः विदेश जाने कुरामा सहयोग गर्न तयार हुनुभयो र मलाई उहाँसँगै लिएर जानुभयो ।

ठूली आमाको एकजना छिमेकी बहिनी वैदेशिक रोजगारमा पठाउने एजेन्टको काम गर्नु हुँदोरहेछ, हामीलाई परिचय गराई दिनुभयो । मैले उहाँलाई मेरो सबै अवस्थाका बारेमा सबै कुरा स्पष्ट राखेपछि "तिमी अब पीर नलेउ, म तिमीलाई सहयोग गर्छु" भन्नुभो र केही दिनमा नै पासपोर्ट पनि बनाई दिनुभयो ।

त्यसपछि विदेश जाने बारेमा सल्लाह भयो । आफू समस्यामा परेकोले घरमा बस्ने मनै थिएन अतः जहिले भने पनि जान सकिने जनाउ दिएँ । यो मेरो रहर भन्दा पनि बाध्यता थियो । त्यतिबेला मेरो नानी २ वर्षकी मात्र थिइन् तर पनि पासपोर्ट बनाएको भोलिपल्टै विदेश जान भनी घरबाट हिँडे । त्यतिबेला मलाई म आफू कहाँ जाँदैछु, कुन देश जाँदैछु, कसरी जाँदैछु, कुन बाटो भएर जाँदैछु भन्ने केही पनि थाहा थिएन । घरबाट हिँडेको ३ दिनपछि भारत पुऱ्याए । त्यहाँ त्यो एजेन्टको आफ्नै दिदीको घर रहेछ, त्यहीं बास बसियो । त्यहाँ मभन्दा अगाडि नै आईपुगेका २ जना नेपाली दिदीहरू हुनुहुँदोरहेछ, उहाँहरूसँग भेट भयो । उहाँहरूसँग चिनजान गर्न पाउँदा खुसी त लाग्यो तर आफूजस्तै उहाँहरू पनि घरमा पीडित भएर विदेश जान आएको थाहा पाएपछि दुःख लाग्यो । घरमा आफ्नो सानो बच्चा सम्झेर रून मन लाग्यो । केही दिनपछि हामी तीनै जनालाई एयरपोर्ट पुऱ्याएर एजेन्ट दिदी बहिनी फर्किए । हामीलाई एकछिन त डर पनि लाग्यो र तीनै जना रून थाल्यौ । हामीलाई कहाँ पुऱ्याउने हो, कतै लगेर बेच्ने पो हो कि ? भन्ने मनमा त्रास जागेर आयो । यही त्रासमा हामी कुवेत पुग्यौ । यात्रामा कति समय लाग्यो भन्ने त हेक्का नै रहेन ।

हामी कुवेतको एअरपोर्टमा ओर्लिंदा साँझको समय भएको थियो । हामीलाई त्यहाँ अफिसबाट मान्छेले लिन आउने कुरा थियो त्यसलाई कुरेर तीनैजना एकै ठाउँमा उभिएका थियौ । भोलिपल्ट त्यहाँका मान्छे देखेर त झन डर लाग्न थाल्यो । हामीलाई अफिसको मान्छेले आ-आफ्ना साहु साहुनी बोलाएर घर घरमा पठाई दिए । घरमा त पुगियो तर के गर्ने ? आफूलाई केही कुराको अनुभव थिएन । १-२ महिना त भाषाको कारणले गर्दा ज्यादै नै कठिन भयो । त्यसपछि अलिअलि गर्दै भाषा पनि बुझ्दै गएँ । यसरी नै दिनहरू पनि बित्दै गए । कहिलेकाहिँ घरमा आरूनो परिवार र छोरीसँग फोनमा कुराक( ानी हुन्थ्यो । छोरीसँग कुरा हुँदा अहिलै नै उडेर घर जाउँ जस्तो हुन्थ्यो तर फेरी घरायसी समस्या, आर्थिक अवस्था सम्झेपछि केही दिन अझै दुःख गरौं जस्तो लाग्यो । एवम् रीतले विदेशको मरूभूमीमा २ वर्ष बिताएर आफ्नो देश फर्किएँ ।

**घरमा त पुगियो तर के गर्ने ? आफूलाई केही कुराको अनुभव थिएन । १-२ महिना त भाषाको कारणले गर्दा ज्यादै नै कठिन भयो । त्यसपछि अलिअलि गर्दै भाषा पनि बुझ्दै गएँ । यसरी नै दिनहरू पनि बित्दै गए । कहिलेकाहिँ घरमा आफ्नो परिवार र छोरीसँग फोनमा कुराकानी हुन्थ्यो । छोरीसँग कुरा हुँदा अहिलै नै उडेर घर जाउँ जस्तो हुन्थ्यो तर फेरी घरायसी समस्या, आर्थिक अवस्था सम्झेपछि केही दिन अझै दुःख गरौं जस्तो लाग्यो ।**

हाल एक वर्ष अगाडीदेखि सामी परियोजनामा रिटर्नी स्वयंसेवकको रूपमा कार्यरत् छु । यसरी काम गर्न पाएकोमा म अति खुसी छु किनकी त्योभन्दा अगाडि वैदेशिक रोजगारमा जाँदा कसरी जाने, के गरेर जाँदा सुरक्षित होइन्छ भन्ने कुराको मलाई केही पनि ज्ञान थिएन । त्यसैले अबका दिनहरूमा वैदेशिक रोजगारमा जान चाहने दाजुभाई तथा दिदीबहिनीहरू सबैलाई सकभर स्वदेशमा नै स्वरोजगार हुन अनुरोध गर्दै आईरहेकी छु भने वैदेशिक रोजगारमा जाने निर्णय गरिसकेकाहरूलाई सुरक्षित वैदेशिक रोजगारका प्रक्रियाहरू, सीपमूलक तालिम, भाषा आदि बारे राम्रोसँग सम्झाई बुझाई गर्ने गरी आएकी छु । यति मात्रै होइन, विदेशमा समस्यामा परेका, अलपत्र परेका दाजुभाई दिदीबहिनीहरूलाई स्वदेशमा झिकाउन, वैदेशिक रोजगारको क्रममा ठगिएका र समस्यामा परेकाहरूलाई समेत सकेसम्म सूचना तथा परामर्श केन्द्रमार्फत् सहयोगका लागि प्रयासरत् छु । वैदेशिक रोजगारको क्रममा सही ज्ञान र सीपको अभावमा विदेशमा मैले भोगेका समस्या, पीडा अबका दिनहरूमा कसैले पनि भोग्न नपरोस् भन्नेमा अब मैले आफ्नो ध्यान केन्द्रित गरेकी छु । ■

## सूचना तथा परामर्श केन्द्र, झापा



(जिल्ला प्रशासन कार्यालय, भद्रपुर, झापा परिसरभित्र रहेको सूचना तथा परामर्श कक्षमा राहदानी बनाउन आउने सेवाग्राहीहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे सूचना तथा परामर्श दिँदै परामर्शकर्ता । विस्तृत जानकारीका लागि : सूचना तथा परामर्श केन्द्र, चौताराको सम्पर्क नम्बर : ०२३-४५६७१६ वा ईमेल : info.ic-cjhapa@gmail.com मा सम्पर्क गरौं ।)

## सूचना तथा परामर्श केन्द्र/सफलताका कथाहरू

### मलेसियाको जेलमा थिएँ, सूचना तथा परामर्श केन्द्रको सहयोगमा स्वदेश फिर्ता हुन सकें



(पदम बहादुर मुदेल, नेपाल फर्केपछि सूचना तथा परामर्श केन्द्रमा)

सिन्धुली, रानीचुरी गाविस, वडा नम्बर ९ निवासी पदम बहादुर मुदेल मलेशिया गएको तीन वर्ष वितिसकेको थियो । सामान्य फ्याक्ट्री वर्करका रूपमा काम गर्ने उनी एउटै कम्पनीमा काम गर्ने साथीसँग झगडा परेपछि जेल परेका थिए । जेल परेको ६ महिना वितिसकेको थियो । सिन्धुलीमा रहेको सूचना तथा परामर्श केन्द्रले गर्ने कामका बारेमा थाहा पाएपछि उनका बुवा चन्द्र बहादुर सार्की वि.सं. २०७२ साल फागुन २८ गते सूचना केन्द्र आईपुगे र आफनो छोरालाई नेपाल झिकाई दिन पहल गरिदिनु पर्‍यो भन्दै सूचना केन्द्रमा निवेदन पेश गरे । आफन्तमार्फत् सूचना केन्द्रको बारेमा थाहा पाएकी उनकी आमाले रूँदै धेरै पटक सूचना केन्द्रमा फोन गरी आफ्नो छोरो जेल परेदेखि केही खवर नपाएको र हालको अवस्था-बारे पनि केही थाहा नभएको हुँदा बरू जति पैसा लागे पनि जोरजाम गर्छौ तर छोरा झिकाउन पहल गरिदिनु पर्‍यो भनेर सूचना केन्द्रका कर्मचारीलाई अनुरोध गरेकी थिईन् । छोरोलाई नेपाल झिकाई दिन उनीहरू कयौं पटक आफ्नो छोरालाई विदेश पठाउने मेनपावरमा नधाएका भने होइनन् तर मेनपावरले उल्टै झपारेर पठाउने गरेको उनीहरूको गुनासो रहेको थियो । सूचना केन्द्रले यो केश दर्ता भएकै दिनदेखि सम्बन्धित निकायमार्फत् फलोअप अपडेट गरिएको थियो । यसबारे पीडित परिवारलाई पनि नियमित रूपमा सूचित गर्दै थियौ । सूचना तथा परामर्श केन्द्र, सिन्धुलीको निरन्तर प्रयासमा वि.सं. २०७२ साल चैत्र २२ गते पदम मुदेललाई नेपाल फर्काउन सफल भयौं । उनी फलानो दिन नेपाल आउँदैछन् भन्ने कुरा पनि सूचना केन्द्रले उनका परिवारलाई जानकारी गराएको थियो । उनलाई नेपाल फर्काउन एक रूपैयाँ पनि परिवारको खर्च भएन । यसरी पदम बहादुर फर्केपछि उनका आमा-बाबुको खुशीको सीमा रहेन । सूचना केन्द्रमा फोन गरेर खुशी व्यक्त गर्दै धन्यबाद दिएका थिए । यो खुशी पदम अनि उनका परिवारको त छँदै थियो, त्यसमा सूचना तथा परामर्श केन्द्र पनि खुशि थियो किनकी केन्द्रको प्रयास सफल भएको थियो । पदम घरमा आइपुगेपछि उनका परिवारले तिमीलाई नेपाल झिकाउन पहल गरिदिने सूचना तथा परामर्श केन्द्रमा जाऊ भनी सूचना केन्द्रमा पनि पठाएका थिए । सूचना तथा परामर्श केन्द्रमा आएर पदमले आफुले जेलमा भोगेको पीडा सुनाउँदै नेपाल झिकाउन सहयोग गरेकोमा निकै खुशी लागेको बताए । उनी अब विदेश नगई नेपालमै गाडी चलाउने काम सिकेर स्वरोजगार बन्ने योजनामा रहेको कुरा केन्द्रलाई जानकारी गराए । ■

(सूचना तथा परामर्श केन्द्र, सिन्धुलीका परामर्शकर्ता श्री रमा कार्कीद्वारा बुलेटिनका लागि प्रेषित-सं.म.)

### सूचना तथा परामर्श केन्द्रको सहयोगले कुवेतको नारकीय जीवनबाट मुक्त हुन सकें



(पदम कुमारी गौतम, नेपाल फर्केपछि सूचना तथा परामर्श केन्द्रमा)

सिन्धुली, लाम्पान्टार गाविस, वडा नम्बर ३ की पदम कुमारी गौतम घरेलु कामदारको रूपमा कुवेतमा गएको ४ वर्ष भइसकेको थियो । जुन घरमा कामको लागि गएको हो त्यो घरमा घर मालिकको ज्यादती सहन नसकेपछि उनी भागेर प्रहरीको शरणमा पुगेकी थिइन् । उनका श्रीमान् गोविन्द गौतमले सूचना केन्द्रमा आएर आफ्नी श्रीमतीको उद्वार गरिदिन वि.सं. २०७१ असोज ३ गते निवेदन दिएका थिए । सूचना तथा परामर्श केन्द्रले सम्बद्ध निकायहरूसँग नियमित फलोअप गर्दै वि.सं. २०७१ मंसिर ७ गते उहाँलाई नेपाल फर्काउन सफल भयो । नेपाल आई सकेपछि पदम कुमारी सूचना केन्द्रमा आउनु भएको थियो । भेटको क्रममा उहाँले आफू अब विदेश नगई नेपालमै बसेर सकेको काम गर्ने बताउनु भयो । ४ वर्षको कुवेत बसाईमा आफुले धेरै यातना र दुर्वव्यवहार सहनु परेको बताउँदै बैदेशिक रोजगारमा जाने महिलाहरूलाई घरेलु कामका लागि सकभर नजान आग्रह समेत गर्नुभएको थियो । कुवेत बसाईको क्रममा आफ्नो भोगाई सुनाउँदै गर्दा उहाँका आँखामा आँशु थामिन सकेका थिएनन् । आफूले नेपाल फर्केर आउने आशा समेत गुमाई सकेको अवस्थामा भागेर प्रहरीसम्म पुगेको कुरा उहाँले सुनाउनु भयो । नेपाल फर्काउन सहयोग गरेकोमा सूचना तथा परामर्श केन्द्रप्रति अत्यन्त अनुग्रहीत रहेको भन्दै अव आफू विदेश जानु भन्दा आफ्नै देशमा दु:खजिलो गरी खाने भनाइ राख्नुभयो ।■

### सूचना तथा परामर्श केन्द्र, सिन्धुली



(जिल्ला प्रशासन कार्यालय, सिन्धुलीसँग रहेको सूचना तथा परामर्श केन्द्रको अध्ययन भ्रमणमा आएका विद्याथीहरूहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे सूचना तथा परामर्श दिँदै परामर्शकर्ता । विस्तृत जानकारीका लागि : सूचना तथा परामर्श केन्द्र, सिन्धुलीको सम्पर्क नम्बर : ०४७-५२१०४४ वा ईमेल : info.iccsindhuli@gmail .com मा सम्पर्क गरौं ।)

# सामी परियोजनाको मनोसामाजिक परामर्शका कारण बदलिएको एउटा जीवन



मनोसामाजिक परामर्शकर्ता
गोविन्द प्रसाद अर्याल

**कतार पुगेपछि भने श्रीमान्को व्यवहारमा एकाएक परिवर्तन देखिन थाल्यो । छुट्टीमा घर आउँदा नै श्रीमान्को दोस्रो महिलासँग सम्बन्ध बढेको रहेछ । फलतः कमाएको रकम घरमा दिन छोडी दोस्रो महिलालाई दिन थाल्नुभएको रहेछ । सुकुमायामा शंका र पिर तथा चिन्ता वढ्न थाल्यो । त्यही बखतमा घर र खेतको लागि साहुले अरू पैसा माग्न थाले ।**

सुकुमाया (नाम परिवर्तन) को जीवनमा मनोसामाजिक परामर्शपछि बिल्कुलै सकारात्मक परिवर्तन आएको छ । उहाँको जन्म नुवाकोट जिल्लाको दाङ्गसिङ्गमा भएको हो र हाल उहाँ कल्याणपुरमा काम गर्नुहुन्छ । श्रीमान् वैदेशिक रोजगारीको लागि वि.सं. २०६० सालमा खाडी मुलुक कतार जानु भएको थियो । श्रीमान् काममा गएपछि सुकुमायाले जीवनमा नयाँ परिवर्तन आउला, श्रीमान्ले खर्च पठाउनु होला, बालबच्चा पढाउन र स्कूलमा पढाउन सजिलो होला भन्ने सपना देख्दै वि.सं. २०६७ सालमा कोदो फल्ने बारी पन्छाएर धान फल्ने खेत किन्न कल्याणपुर बसाई सरेका थिए । त्यस समयसम्म श्रीमान्ले राम्रै व्यवहार देखाई राख्नु भएको थियो । श्रीमान् ४ महिना छुट्टीमा घर फर्किएपछि भने उनको जीवनमा कठिन समयको शुरूआत भयो ।

सुकुमायाको श्रीमानले कल्याणपुरको कूनै एक ठाउँमा घर र खेत किन्ने भनी आफू बसिरहेको घर र खेत बेच्न ४ लाख बैना दिएर पुनः कतार उडे । आफ्नै छोरा-छोरीको शिक्षाको लागि श्रीमान्ले यस्तो निर्णय लिनुभएको होला भन्ने उनलाई लागेको थियो । कतार पुगेपछि भने श्रीमान्को व्यवहारमा एकाएक परिवर्तन देखिन थाल्यो । छुट्टीमा घर आउँदा नै श्रीमान्को दोस्रो महिलासँग सम्बन्ध बढेको रहेछ । फलतः कमाएको रकम घरमा दिन छोडी दोस्रो महिलालाई दिन थाल्नुभएको रहेछ । सुकुमायामा शंका, पिर तथा चिन्ता वढ्न थाल्यो । त्यही बखतमा घर र खेतको लागि साहुले अरू पैसा माग्न थाले । सुकुमायाले तिर्न नसकेपछि खेत साहुले अन्तै बेचे ।

चार छोरा र एक छोरीकी आमा सुकुमायामाथि दुःखका पहाड थुप्रिए । जेठो र माइलो छोरा घर छाडेर हिंडे । साहिँलो छोराले गाडी चलाउँदै गर्दा दूर्घटनामा परी जेलमा परे । कान्छो छोराले वास्तै गर्न छाडे । सानो छोरी पनि अन्तै गईन्, उनको घरव्यवहार पनि राम्रो भएन । यसरी पीर, चिन्ता र शंकाबाट ग्रसित भएर सुकुमाया दुःखपूर्ण जीवन चलाई रहेकी थिइन् ।

एक दिन समूह छलफलको क्रममा सामी परियोजना अन्तर्गत कार्यरत् मनोसामाजिक परामर्शकर्तासँग उनको भेट भयो । वैठकमा उनले वैदेशिक रोजगारका कारण घर परिवारका महिला तथा वालवालिकामा परेको समस्यालाई कसरी सहज तथा प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे आधारभूत जानकारी पाउनु भयो । परामर्शकर्तासँग छलफल गरेर आफ्नो समस्या वताउन पाए केही मात्रामा भए पनि आफ्नो समस्या समाधान होला कि भन्ने आशाले छुट्टै भेट्न आग्रह गरिन् । आफ्नो श्रीमान्ले दोस्रो महिलालाई नियमित रूपमा खर्च दिने गरेको थाहा पाएकी सुकुमायामालाई आफ्नो घर धान्न भने धौ धौ परेको थियो ।

यसपछि सामी परियोजना, नुवाकोटका मनोसामाजिक परामर्शर्तासँग नियमित भेटघाट हुन थाल्यो । मनोपरामर्शकर्ताको आफूप्रतिको बोलीचाली व्यवहार देखेर सुकमायालाई आफ्नो जीवनमा परिवर्तन आउन सक्नेप्रति विश्वस्त बनेकी थिइन् । वर्षले ४९ पुगेकी सुकुमायाले परामर्शकर्तासँग हुन छलफलको क्रममा हुने सबै कुराहरू गोपानीय रहने बुझेपछि परामर्शकर्तासँग भेटेर आफ्नो समस्याहरूबारेमा खुलेरै कुरा गरिन् । आफ्नो श्रीमानप्रति उठी रहेको शंकाले मनमा पिर चिन्ता र कामको बोझको बारेमा बताउनुभयो । प्रत्येक भेटमा परामर्शकर्तासँग हुने करिव घण्टाको मनोसामाजिक परामर्शको क्रममा आफ्नो मन हल्का हुँदै गएको महसुस गरिन् । यसले उनमा एक प्रकारको साहस, आँट वढ्दै गइरहेको थियो भने सोही बमोजिम व्यवहारमा पनि सकारात्मक परिवर्तन हुदै गएको थियो । परामर्शकर्ताले भेटघाटको क्रममा सुकुमायाको समस्यालाई राम्रोसँग बुझी शरीरलाई तन्दुरूस्त पार्ने किसिमको श्वास प्रश्वास विधिको प्रयोग गराएका थिए । परिवार र छिमेकीसँगको सम्वन्ध राम्रो बनाउने भूमिकाको बारेमा बताएपछि पिर, चिन्ता र शंका लिन नहुने तथा यसले आफैलाई नकारात्मक समस्यामा पार्ने कुरा राम्रैसँग बुझेपछि ६ वर्षदेखि भोग्दै आएको आफ्नो समस्याको समाधान आफैले गर्नुपर्छ भन्ने कुरामा दृढ विश्वास जाग्यो र यसरी पीर, चिन्ता लिन छाडिन् । शुकुमाया अचेल मेलापात जाने र भविष्यको बारेमा सोच बनाई कुखुरा पालनमा सँलग्न हुन थालेकी छिन् । आफूमा आएको सबैखाले परिवर्तन मनोपरामर्सकर्ता सेवाको कारण सम्भव भएको कुरा शुकुमाया बताउँछिन् । ■

## सूचना तथा परामर्श केन्द्र, नुवाकोट



(जिल्ला प्रशासन कार्यालय, नुवाकोटमा रहेको सूचना तथा परामर्श केन्द्रमा राहदानी वनाउन आउने सेवाग्राहीहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे सूचना तथा परामर्श दिँदै परामर्शकर्ता । विस्तृत जानकारीका लागि : सूचना तथा परामर्श केन्द्र, नुवाकोटको सम्पर्क नम्बर : ०१०-५६१६७५ वा ईमेल : info.iccnuwakot@gmail .com मा सम्पर्क गरौं ।)

# होस् गर्नुस् है, तपाईं पनि पर्नुहोला नि यस्ता ठगको फन्दामा

लेखनाथ, ढुँगेपाटन वडा नं. १२ निवासी खिम बहादुरकी छोरी हिमा गुरूङ्ग आरूनो दिदी दिपा गुरूङ्ग क्यानडा जाने भनेकोले त्यसबारे बुझ्न सूचना तथा परामर्श केन्द्र, कास्कीमा वि.स.. २०७२ भदौ १३ गते आईतवारका दिन आएकी थिईन् । आफनी माइजु पर्ने बाटुलेचौर निवासी लक्ष्मी गुरूङ्गले चिनेको एक जना युवकमार्फत् क्यानडा जानका लागि प्रस्ताव गरेपछि दिपा गुरूङ्गले आरूनो घरमा पैसाका लागि माग गरेकी रहिछन् । विना पासपोर्ट, विना नागरिकता नेपाल सरकार र क्यानडा सरकारबीच सम्फौता भएअनुसार २५ लाख रूपैयामा क्यानडा जान पाईन्छ भनेकाले घरमा पैसा मागेकी थिईन । यसरी बिना पासपोर्ट, बिना नगरिकता नेपाल सरकारको कस्तो प्रक्रिया हो भनि बुझ्न बाबा खिम बहादुर गुरूङ्गले छोरी हिमा गुरूङ्गलाई जिल्लाको सरकारी कार्यालयमा बुझ्न पठाएका रहेछन् । निज हिमा गुरूङ्ग श्रम कार्यालय, कास्कीमा गएर त्यहाँबाट प्रेषण गरी यथार्थ बुझ्न सूचना तथा परामर्श केन्द्र, कास्कीमा आईपुगेकी थिईन् ।

तत्पश्चात् यस्तो कुनै सम्फौता नभएको र विना पासपोर्ट कोहि पनि व्यक्ति देश बाहिर जान नमिल्ने आदि सत्यतथ्य जानकारी लिएर हिमा गुरूङ्ग घर फर्केकी थिईन् । भोलिपल्ट पुनः हिमा गुरूङ्गले फोन गरी दिदी दिपा गुरूङ्गले आरूनो कुरा नमानेर जसरी पनि आफु उक्त व्यक्तिसँग क्यानडा जाने भनेको बताइन् । साथै पैसा नदिएको खण्डमा दिपा अविवाहित भएकोले आफुले पाउने अँश पनि माग गरेकी रहिछन् । दिपा सूचना तथा परामर्श केन्द्रसम्म आउन नचाहेकोले फोनबाट लगभग २ घण्टा कुराकानी गरी परामर्श गरेपछि आफू यसबारे प्रष्ट भएको बताएकी थिईन् । भोलिपल्ट बहिनी हिमाले दिदीले क्यानडा जाने सोच छाडेको जानकारी फोनमार्फत् सूचना तथा परामर्श केन्दमा जानकारी गराएकी थिइन् ।

दिपाले माईज्यु लक्ष्मीमाथि शंका लागेर सोधपुछ गर्दा आफू ठगिएको थाहा पाईन् । निज लक्ष्मी गुरूङ्ग ती युवक धन बहादुर फडेराको कुरामा लागेर क्यानडा पठाईदिने भन्दै विभिन्न व्यक्तिहरूसँग लाखौ रूपैयाँ लिने गर्दिरहिछन् । त्यस युवक धन बहादुर फडेराविरूद्ध उजुरी दिन जिल्ला प्रहरी कार्यालय, कास्कीमा जाँदा निज युवक जुवा खेलेको अभियोगमा जिल्ला प्रहरी कार्यालय, नारायणढबाट कास्कीमा ल्याएको भन्ने जानकारी लक्ष्मीले गराएकी थिइन् ।

जिल्ला प्रहरी कार्यालय, कास्कीमा बुझ्न जाँदा धनबहादुको बयानको आधारमा जिल्ला प्रहरीबाट निम्न जानकारी भयो– धनबहादुरुलाई सानै उमेरमा पैसा कमाउन मन लाग्यो । उनले उपाय धेरै रचे अनि बनाए योजना । भूकम्पअघि गोंगबुँको एक होटलमा कास्कीको बाटुलेचौरकी लक्ष्मी गुरूङ्गसँग उनको भेट भयो । उनको मीठो गफले लक्ष्मीको मन जित्यो । उनले उमेरले आमा सरहकी लक्ष्मीसँग आमाकै नाता जोडे । नेता मात्र हैन, प्रधानमन्त्री र मन्त्रीसँग खिचेको फोटो देखाए । उनले फोटो मात्र देखाएनन्, आफु कृषि मन्त्रालयको सचिव भएको फूर्ति लगाए । लक्ष्मी अचम्म परिन् । यो उमरमै कसरी बाबु सचिव भएको भनेर प्रश्न पनि सोधिन । धनबहादुले भने, म ठूलो खानदानी परिवारमा जन्मेको मान्छे र पढाई लेखाइ पनि





## सूचना तथा परामर्श केन्द्र, कास्की




**(जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहेको सूचना तथा परामर्श केन्द्रमा राहद(ानी वनाउन आउने सेवाग्राहीहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे सूचना तथा परामर्श दिँदै परामर्शकर्ता । विस्तृत जानकारीका लागि : सूचना तथा परामर्श केन्द्र, कास्कीको सम्पर्क नम्बर : ०६१-४६६७६६ वा ईमेल : info.icckaski@ gmail .com मा सम्पर्क गरौं ।)**

राम्रो भयो र त्यसमाथि बुबाको नेतासँगको सम्बन्धले सानै उमेरमा मन्त्रालयको त्यो पद पाइयो । धनबहादुरको गफले सोफ्री लक्ष्मी मख्ख परिन् अफ्र आमाको नाता जोडेपछि त फ्रनै प्रभावित । त्यसपछि फोनमार्फत् नियमित सम्पर्कमा रहेको धनबहादुरले पोखरा नै आएर उनीहरूबाट पैसा फ्रार्न थालेका थिए। त्यही दिन जोडिएको नाताले अहिले लक्ष्मीसहित पाँच जनाले ८१ लाख रूपयाँ गुमाएका छन् ।

कृषि मन्त्रालयको सचिव हुँ भन्दै विदेश पठाइदिने नाममा रकम ठगी गर्ने हुम्लाको सर्किदेउ-४ का २० वर्षे उनै धनबहादुर फडेर अहिले कास्की प्रहरीको हिरासतमा छन् । क्यानडा पठाईदिन्छु भन्दै उनले वैशाखयता पोखराको बाटुलेचौरका पाँचजनाबाट ८१ लाख रूपैयाँ ठगी गरेको आरोप पीडितले लगाएका छन् । धनबहादुरले पोखराको बाटुलेचौरकी लक्ष्मी गुरूङ्ग, उनका छोरा सन्दीप गुरूङ्ग, ज्वाइ किरण, भान्जी दीपा गुरूङ्ग र छिमेकी वैकुण्ठ बस्नेतबाट पटक पटक गरी ८१ लाख रूपैयाँ लिएका रहेछन् । नेपाल र क्यानडा सरकारबीच सम्फौता भए अनुसार ६ महिनाको लागि कृषि मन्त्रालयमार्फत् ३५ जनाको कोटा आएको भन्दै धनबहादुरले पैसा ठगेको पीडितले जाहेरीमा उल्लेख गरेका छन् । एक जनाको ३० लाख रूपैयाँ लाग्ने भन्दै उनले पैसा उठाएका थिए । तीन/चार महिना कुराएपछि शंका लागेको पीडितले बताएका छन् ।

जुवातास मुद्दामा गत साता चितवनको नारायणगढमा धनबहादुर पक्राउ परेपछि बल्ल लक्ष्मीसहित चारजनाले जिल्ला प्रहरी कार्यालय कास्कीमा जाहेरी दिए । त्यसपछि पोखरा ल्याएर जिल्ला अदालतबाट म्याद थपी ठगी मुद्दामा कारवाही प्रक्रीया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता डीएसपी गोविन्द अधिकारीले बताउनु भएको छ । उहाँले अनुसन्धान सकेर छिटै सरकारी वकिलमार्फत् मुद्दा दायर गरिने पनि जानकारी दिनु भएको छ ।

यसरी सूचना तथा परामर्श केन्द्र, कास्कीबाट सहि जानकारी पाएर दिपा आफु स्वयम् र अरूलाई पनि लाखौं पैसा ठगिनबाट जोगाउन सफल भएकी छिन् । हाल विवाहित दिपा सूचना तथा परामर्श केन्द्र, कास्कीको निरन्तर सम्पर्कमा रहिरहेकी छिन र अरूलाई सुरक्षित वैदेशिक रोजागारबारे आफुले जानेका र भोगेका कुराहरू बाँडने गरेको बताउँछिन् । ■

**(कास्कीबाट सूचना तथा परामर्श केन्द्र संयोजक श्री माया गुरूङले बुलेटिनका लागि प्रेषित गर्नुभएको-सं.म.)**

## उपयोगी जानकारीहरू

■ वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारसँग सम्बन्धित उजुरी दर्ता गराउने प्रकृया बुझ्न र स-साना सामान्य उजुरीहरू दिनका लागि टोल फ्री नम्बर **१६६००१०९९९९** सञ्चालनमा ल्याएको छ । यस टोल फ्री नम्बरमा उजुरीहरू दिनका लागि स्वदेशका साथै विदेशबाट पनि सेवाग्राहीहरूले सम्पर्क गर्न सक्नेछन् । यस टोल फ्री नम्बर प्रयोग गरे वापत कुनै पनि शुल्क कट्टा गरिदैन । हाललाई टेलिफोन प्रयोगकर्ताहरूले नेपाल टेलिकमको सेवामार्फत् मात्र उजुरी दिन सक्ने व्यवस्था गरेको छ ।

■ वैदेशिक रोजगार प्रबर्द्धन बोर्डले वैदेशिक रोजगारमा जाने कामदारहरूलाई लक्षित गरी मलेसिया, कतार, साउदी अरब र यू.ए.ई., देशबारे जानकारी तथा सूचना दिने उद्देश्यले डिजिटल अडियो नोटिस बोर्ड सेवा सञ्चालनमा ल्याएको छ । यसका लागि वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको टेलिफोन नम्बर ०१-४१०५०५८ डायल गरेपछि १ नम्बर थिचेमा कतारबारे, २ नम्बरमा मलेसिया, ३ नम्बरमा यू.ए.ई. र ४ नम्बर थिचेमा साउदी अरबका बारेमा आधारभूत सूचना प्राप्त गर्न सकिनेछ । उक्त टेलिफोन नम्बर प्रयोग गरे वापत सेवाग्राहीको टेलिफोनबाट नियमानुसारको शुल्क कट्टा गरिने जानकारी सम्बन्धित निकायबाट प्राप्त भएको छ ।

■ वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारमा जानका लागि श्रम स्वीकृति प्रक्रियामा रहेका सेवाग्राहीहरूलाई लक्षित गरी एस.एम.एस सेवा प्रदान गर्दै आएको छ । आफू जाने देश, कम्पनी, काम, तलब, सुविधा र श्रम स्वीकृतिबारे जानकारी प्राप्त गर्नका लागि आफ्नो मोबाईलको एस.एम.एस.मा गएर एए टाईप गर्नुहोस् र एक स्पेस छोडी आफ्नो पासपोर्ट नम्बर टाईप गर्नुहोस् त्यसपछि ३४००१ मा एस.एम.एस पठाउनुहोस् । त्यस्तैगरी, वैदेशिक रोजगारबारे छापिएको विज्ञापन आधिकारिक भए/नभएको बारेमा जानकारी लिनका लागि एस.एम.एस. मा LT टाईप गर्ने र एक स्पेस दिई विज्ञापनमा उल्लेखित LT नम्बर टाईप गरी ३४००१ मा एस.एम.एस पठाउँदा उक्त विज्ञापनमा छापिएको विज्ञापन आधिकारिक भए/नभएको बारे जानकारी लिन सकिन्छ । यो एस.एम.एस. सेवा प्रयोग गरे वापत सेवाग्राहीले कुनै पनि शुल्क तिर्नुपर्दैन ।

■ वैदेशिक रोजगारको क्रममा समस्यामा पर्नुभएको छ भने नेपाल प्रहरीको अपराध अनुसन्धान महाशाखामा सिधै सम्पर्क गरी गुनासो टिपाउन सक्नुहुनेछ । यसका लागि नेपालभित्र ११७७ र नेपाल बाहिर हुनुहुन्छ भने ९७७-१-४२४११७७ मा सम्पर्क गर्नुहोस् ।

## वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्वन्धी निर्देशिका, २०७२ को दोस्रो संशोधन : बुझ्नै पर्ने महत्वपूर्ण कुराहरू

मिति २०७३ साल वैसाख २१ मन्त्रीपरिषद्को वैठकले वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धी निर्देशिका, २०७२ को दोस्रो संशोधन गरी घरेलु कामदारको रूपमा काम गर्न जाने नेपाली कामदारहरूको पक्षमा महत्वपूर्ण निर्णय गरेको छ ।

उक्त निर्देशिकाले घरपरिवारमा खाना पकाउने, घरको रेखदेख गर्ने, करेसाबारी तथा बगैंचामा काम गर्ने, बच्चा तथा बृद्धबृद्धाको स्याहार सुसार गर्ने, घरायसी निजी सवारी चालक, हाउस मेड वा हाउस ब्वाय, घरको सरसफाई सम्वन्धी कामलाई घरेलु कामको रूपमा परिभाषित गरेको छ । घरेलु कामदारका रूपमा वैदेशिक रोजगारमा जाने कामदार पठाउने अनुमती प्राप्त सूचीकृत संस्थाले मात्र बैदेशिक रोजगार प्रवर्द्धन वोर्डबाट मान्यता प्राप्त संस्थाबाट निःशुल्क तीस कार्य दिनको घरेलु कामदार सम्वन्धी तालिम प्रदान गरी निःशुल्क रूपमा कामदार पठाउनुपर्ने हुन्छ । साथै विदेश स्थित नेपाली कुटनिटिक नियोगमा नेपाली कामदार लैजान अनुमती प्राप्त एजेन्सी वा रोजगारदाताले कामदारबाट कुनै पनि शुल्क वा रकम लिन वा कामदारको पारिश्रमिकबाट कट्टा गर्न नपाउने र घरेलु कामदारको रूपमा बैदेशिक रोजगारमा जाने कामदारले पाउने न्यूनतम् पारिश्रमिक अमेरिकी डलर तीन सयभन्दा कम हुन नहुने व्यवस्था निर्देशिकाले गरेको छ । नयाँ व्यवस्था अनुसार घरेलु कामदारको रूपमा वैदेशिक रोजगारमा जाने महिला कामदारको बच्चाको उमेर २ वर्ष भन्दा कम हुन नहुने, साउदी अरब, कतार, कुवेत, यु.ए.ई, ओमन, बहराइन, लेबनान र मलेशियामा घरेलु कामदारका रूपमा वैदेशिक रोजगारमा जाने महिलाको उमेर चौविस वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । यस्तैगरी, एजेन्सीले नै कार्यस्थलमा महिलाका लागी एक सेट मोवाइल फोनको अनिवार्य व्यवस्था गरी फोन नम्वर नेपाली नियोगको कार्यालय, वैदेशिक रोजगार विभाग र कामदारको घर परिवारका व्यक्तिलाई उपलब्ध गराउनु पर्ने व्यवस्था निर्देशिकामा रहेको छ ।

न्यूनतम सुविधाहरू र अलग्गै बस्न मिल्ने एवं गोप्यता कायम हुने गरी बासस्थानमा बस्ने र कामदारले प्रत्येक हप्ता आफ्नो परिवारसँग सम्पर्क गर्न पाउने व्यवस्थाको प्रत्याभुती हुनु पर्ने लगायतका व्यवस्था संशोधित निर्देशिकाले गरेको छ । ■

## सूचना तथा परामर्श केन्द्र, सिराहा



(जिल्ला प्रशासन कार्यालय, सिराहामा रहेको सूचना तथा परामर्श केन्द्रमा राहदानी वनाउन आउने सेवाग्राहीहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे सूचना तथा परामर्श दिँदै परामर्शकर्ता । विस्तृत जानकारीका लागि : सूचना तथा परामर्श केन्द्र, सिराहाको सम्पर्क नम्बर : ०३३-५६१६७५ वा ईमेल : info.iccnuwakot@gmail ।अफ मा सम्पर्क गरौं ।)

## सूचना तथा परामर्श केन्द्र, महोत्तरी



(जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा रहेको सूचना तथा परामर्श केन्द्रमा राहदानी वनाउन आउने सेवाग्राहीहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे सूचना तथा परामर्श दिँदै परामर्शकर्ता । विस्तृत जानकारीका लागि : सूचना तथा परामर्श केन्द्र, महोत्तरीको सम्पर्क नम्बर : ०१०-५६१६७५ वा ईमेल : info.iccnuwakot@gmail .com मा सम्पर्क गरौं ।)

# वैदेशिक रोजगारीको क्रममा समस्या परेमा निम्न देशहरूका नेपाली नियोगमा कार्यरत् काउन्सुलर/श्रम सहचारीलाई सम्पर्क गरौं

| क्र.स. | नाम | पद | देश | ठेगाना |
|---|---|---|---|---|
| १ | | काउन्सुलर (लेवर) | दक्षिण कोरिया | Nepalese Embassy of Seoul, South Korea<br>19,2 gil Seonjam-ro, Seongbuk-gu, Seoul<br>Tel. No. 0082 (02) 37899770/1<br>Fax No. 0082 (02) 7368848<br>Email: seoul@mofa.gov.np, nepembseoul@yahoo.com<br>Website: nepembseoul.gov.np / |
| २ | श्री बाबुलाल रेग्मी | श्रम सहचारी | मलेसिया | Nepalese Embassy in Kuala Lumpur, Malaysia<br>Wisma Paradise (Level 1,3 and 9)<br>No. 63 Jalan Ampang, 50450 Kuala Lumpur, Malaysia<br>Phone: +60-3-20201898, +60-3-20201899, +60320201901<br>Fax: +60-3-20201894, Hot line : 016-2472777<br>Website : nepalembassy.com.my<br>Email: info@nepalembassy.com.my / eonkualalumpur@mofa.gov.np / epembkl@gmail.com |
| ३ | श्री भेष बहादुर कार्की | काउन्सुलर (लेवर) | यू.ए.ई | Embassy of Nepal<br>Sector W 15-2, Villa No. 13/1, Plot No. 40<br>Al Karama Street, Al Karama Area<br>Abu Dhabi, United Arab Emirates<br>P. O. Box: 38282, Abu Dhabi, UAE<br>Tel: 6344-385, 6344-767, +9715-2732-3217, +9715-5751-9105<br>Fax: 00971-2-6344469<br>Website : www.nepalembassyuae.org<br>Email : info@nepalembassyuae.org / nepemuae@eim.ae |
| ४ | श्री हिरादेवी यादव | श्रम सहचारी | यू.ए.ई | |
| ५ | श्री जगदिश चन्द्र शिवाकोटि | श्रम सहचारी | बहराईन | Embassy of Nepal<br>P.O.Box 75933<br>Villa 2397, Road 2437, Area 324<br>Juffair, Manama, Kingdom of Bahrain.<br>Tel: +973 17725583, +973 33152385<br>Fax: +973 17720787<br>Website: http://www.eonbahrain.org<br>Email: eonmanama@mofa.gov.np |
| ६ | श्री गिरीजा शर्मा | काउन्सुलर (लेवर) | कतार | Nepalese Embassy in Doha, Qatar<br>Zone Number-56, Rawdat Umm Al-Theyab Street, Street Number-681, Abu Hamour Area (Ain Khaled)m Doha,<br>State of Qatar<br>Post Box No.: 23002<br>Telephone No.: +974-4675681, +974-4675683, +974-31102520, +974-55649819<br>Fax: +974-4675680<br>Email: nembdoha@gmail.com / eondoha@mofa.gov.np<br>Website : www.nembdoha.com |
| ७ | श्री नरेन्द्र ज्ञवाली | श्रम सहचारी | कतार | |
| ८ | श्री अम्बिका प्रसाद अधिकारी | काउन्सुलर (लेवर) | साउदी अरब | Nepalese Embassy in Riyadh, Saudi Arabia<br>Al Urubah Street (Near Sulymanieh Hotel, Al-Jouf Road),<br>Sulaimaniya District, Riyadh 11693, Kingdom of Saudi Arabia<br>Post Box No. 94384<br>Telephone +966-11-4611108/ 4645170, +966-599393459<br>Fax +966-11-4640690/ 4651823<br>Web site www.neksa.org<br>Email info@neksa.org / eonriyadh@mofa.gov.np / nepalembassyriyadh@gmail.com |
| ९ | | श्रम सहचारी | ओमन | Embassy of Nepal, Muscat, Oman<br>P.O.Box 517, PC 116<br>Shatti Al-Qurum<br>Villa 2563, Road 2834,<br>Muscat, Sultanate Of Oman<br>Tel: +968 24696177; +968 24696883<br>Fax: +96824696772<br>Website:om.nepalembassy.gov.np<br>Email: eonmuscat@mofa.gov.np ; eonmuscat@gmail.com |
| १० | | श्रम सहचारी | कुवेत | Embassy of Nepal<br>Kuwait City<br>Al-Jabriya Area<br>Block No. 8, Street No. 13, Building No. 514<br>Telephone: (00965) 25321603, 25321604, 25321605<br>Fax: (00965) 25321601, 25321628<br>Website: www.kw.nepalembassy.gov.np<br>Email: eonkuwait@mofa.gov.np / info@nepembu.org |

# सकेसम्म स्वदेशमै परिश्रम गरौं, विदेश गएर पैसा कमाउन त्यति सजिलो छैन ।

## यदि वैदेशिक रोजगारमा जाने नै निर्णय गरिसक्नु भएको हो भने यसलाई सुरक्षित र लाभदायी बनाउन सही बाटो अपनाउनुहोस् ।




**"सुरक्षित तथा लाभदायी वैदेशिक रोजगारका लागि मान्यता प्राप्त सूचना तथा परामर्श केन्द्रमा जाऔं र नि:शुल्क सूचना एवं परामर्श प्राप्त गरौं ।"**

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडिसि

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगारका लागि "सुरक्षित आप्रवासन" (सामी) परियोजना